तातोहावा 'लु' का असर तथा लक्षण

➢हृदयको गति तीव्र हुने,
➢श्वासप्रश्वास र रक्तचाप कम हुने,
➢शरीरबाट पसिना ननिस्कने,
➢टाउको अत्याधिक दुख्ने,
➢चक्कर लाग्ने, अचेत हुने,
➢१०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
➢छाला सुख्खा, रातो र तातो हुने,
यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ११३ ★ ने. सं. ११४४ वछला थ्व, सप्तमी ★ बुधबार ★ २ जेठ, २०८१ ★ May 15, 2024, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## सरकारी नीति तथा कार्यक्रममा नवीनता छैन

काठमाडौं, १ जेठ । एमाले - माओवादीसहित गठबन्धन सरकारको आव २०८१/८२ को नीति तथा कार्यक्रम राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा वाचन गर्नुभयो । कुल २१७ बुँदा र ८१ पृष्ठ भएको नीति तथा कार्यक्रममा सत्ता पक्षले दाबी गरेको 'समृद्ध नेपाल र सुखी नेपाली' को लक्ष्य पूरा गर्ने कुनै विषय उल्लेख छैन । सारमा नीति तथा कार्यक्रम देश र जनताको हित हुने कुनै नवीनता छैन ।



बुँदा ३ मा समाजवादउन्मुख आर्थिक प्रतिबद्धता उल्लेख गरिए पनि २५, ३४, ३८, ४०, ७०, ८५, १०५, १७६ लगायत बुँदामा निजीकरणलाई जोड दिने उल्लेख छ ।

हरियो वन तस्करको धन बनाएका सरकारले काठ तथा काष्ठजन्य वस्तुको आयात प्रतिष्ठापन गर्ने उल्लेख गर्दै आएको नयाँ विषय होइन । चुरे तराई मधेस संरक्षण गर्ने यसअघिका नीति तथा कार्यक्रममा पनि उल्लेख भएको हो तर सरकारले चुरे दोहन गरी तराई मरुभूमीकरण गर्ने कार्यक्रम चालु राखेको हो ।

नीति तथा कार्यक्रममा जनसङ्ख्या नीति परिमार्जन गरी जनसङ्ख्या र बसाइँसराइमाथि बहुक्षेत्रीय कार्ययोजना तर्जुमा गरिने उल्लेख गरिए पनि ७७ जिल्लाका ७५३ पालिकालाई सहर विकास गरी देशको सन्तुलित विकास गर्ने बसाइँसराइ सम्बन्धित जिल्लाहरूभित्र मात्र हुन पाउने कानुनी व्यवस्था गरी सहरको सुविधा गाउँ गाउँमा पुऱ्याउने र गाउँ एवं सहरको भेद हटाउने विषय उल्लेख छैन । वास्तवमा आफ्नो जन्मथलो छाडेर अन्यत्र घरजग्गा जोड्नेहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन नपाउने कानुनी व्यवस्था गर्नु जरुरी छ । काठमाडौं उपत्यकाको घातक प्रदूषणलाई नियन्त्रण गर्न आउँदा दिनमा काठमाडौं उपत्यकामा उपत्यका बाहिरकाले घर जग्गा किन्न नपाउने व्यवस्था गर्नुपर्ने, यहाँका औद्योगिक क्षेत्रहरू स्थानान्तरण गर्नुपर्ने र बुँदा १०५ मा उल्लेख निजी क्षेत्रले समेत जग्गा विकास कार्यक्रम पनि काठमाडौं उपत्यकामा गर्न नपाउने कानुनी व्यवस्था गर्नु आवश्यक छ ।

मेक इन नेपाल र मेड इन नेपाल नीति तथा कार्यक्रममा उल्लेख भए पनि नेपालमा अहिलेसम्म सियो बनाइएको छैन । कतिपय उद्योगीहरू विदेशी सामान आयात गर्ने व्यापारी बन्दै छन् । साना तथा घरेलु उद्योगीहरूलाई कर्जा कच्चा सामान र बजारको व्यवस्था छैन । ८० लाख नेपाली युवालाई वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाइएको झन्डै साढे तीन लाख नेपाली महिलाहरू वैदेशिक रोजगारीमा गएका मजदुरहरूको सिकार भइरहेको छ । सीप सिकाएर युवालाई वैदेशिक रोजगारीमा पठाउने कार्य घातक हुनेछ । सीप भएका युवाले नेपालमा रोजगारी नपाएसम्म 'समृद्ध नेपाल र सुखी नेपाली' बालुवाको घर साबित हुनेछ । काठमाडौं उपत्यकाको बृहत्तर गुरुयोजना खारेज गरी सङ्घीय राजधानी पश्चिम नेपालको दाङ जिल्लामा सार्नु जरुरी छ ।

नीति तथा कार्यक्रममा जलविद्युत् योजनाबारे उल्लेख छ तर नेपालीको लगानीमा बिजुली उत्पादन गर्ने उल्लेख छैन । भारतीय एकाधिकार पुँजीलाई नदीनाला दिँदै खाना पकाउने ग्यास, दाल, चामल र तरकारी आयात गर्नु देशघाती काम हो ।

विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्ने प्रतिबद्धता नीति तथा कार्यक्रममा छैन । विद्यालयमा 'साथीबाट सिक्ने साथीलाई सिकाउने' त कतिपय देशमा धेरै अगाडिबाट सुरु भएको हो । सरकारले यसलाई प्रभावकारी कार्यान्वयन गर्ने सम्भावना छैन ।

'श्रम कूटनीति' नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा-भर्तीको नयाँ संस्करण हो । आर्थिक कूटनीति जरुरी हुन्छ । राष्ट्रिय हितप्रति समर्पित युवा तयार गर्न १८ वर्ष नाघेकालाई सैनिक तालिम दिनु आवश्यक छ । संयुक्त राष्ट्र सङ्घलाई तटस्थ अन्तर्राष्ट्रिय मञ्च बनाउन सरकारले बोल्नु जरुरी छ । जनआन्दोलन र 'जनयुद्ध' लाई पुँजीवादी सरकारमा जाने भऱ्याङ बनाउनेहरूलाई उदाङ्ग्याउनु आवश्यक छ । माओवादीको 'जनयुद्ध' र सशस्त्र द्वन्द्व 'भारतीय ट्रोजन हर्स' साबित भइरहेको छ ।

बाँकी पृष्ठ ८ मा

## "दर्शन, विचारधारा र कार्यक्रमअनुसार राजनीतिक दल बन्नुपर्छ"

काठमाडौं, १ जेठ । निर्वाचन आयोगको आयोजनामा मङ्गलबार 'राजनीतिक दलसम्बन्धी ऐन संशोधन सम्बन्धमा सुझाव सङ्कलन कार्यशाला' सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले राजनीतिक दलसम्बन्धी ऐनको दफा ५२ मा उल्लिखित तीन प्रतिशतको मत प्राप्त दललाई मात्र राष्ट्रिय दलको रूपमा मान्यता दिने प्रावधान हटाउनुपर्ने विचार राख्नुभयो । उहाँले राजनीतिक विचारधारा, दर्शन र कार्यक्रमअनुसार दल बन्ने ऐनमै उल्लेख भएको भन्दै मतसीमाको प्रावधान बहुदलीय व्यवस्थाको मर्मविपरीत भएको तर्क गर्नुभयो ।

प्रजातन्त्रमा सबैले राजनीतिक आस्था राख्न पाउने भन्दै केन्द्रीय सदस्य गोसाईले प्राध्यापक, शिक्षक, कर्मचारी आदिलाई अराजनीतिक बनाउनु गलत भएको धारणा राख्नुभयो । उहाँले कामचोर वा निहित स्वार्थको निम्ति काम गर्ने प्राध्यापक, शिक्षक, कर्मचारीलाई कारबाही गर्न सकिने भन्दै दलको स्वार्थपूर्ति गर्न संस्था बिगार्ने काम शासक दलहरूका जनवर्गीय सङ्गठनहरूले नै गरिरहेको तर्क गर्नुभयो ।

शासक पार्टीहरूले घोषणापत्र नै प्रकाशित नगरेको वा प्रकाशित गरे तापनि सोअनुसार काम नगरेको दृष्टान्त राख्दै त्यस्ता दलमाथि प्रतिबन्ध लगाउनुपर्ने केन्द्रीय सदस्य गोसाईको भनाइ थियो ।

निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको सभापतित्वमा सम्पन्न कार्यशालाको उद्घाटन कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, सचिव रविलाल पन्थलगायतले बोल्नुभएको थियो । कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त थपलियाले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ माथिको प्रारम्भिक छलफल सुरु भएको धारणा राख्नुभयो ।

कार्यशालामा विभिन्न राजनीतक दल, सरोकारवाला सङ्घसंस्थाका प्रतिनिधिहरूको समूह छलफलपछि प्रस्तुतिहरू गराइएको थियो ।

## 'कम्युनिस्ट' सरकारको काम नामअनुसार भएन

हेटौंडा, १ जेठ । वाग्मती प्रदेशसभाको चौथो अधिवेशनको पहिलो बैठक सोमबार सुरु भयो । नयाँ गठबन्धन सरकार बनेको एक महिनापछि सुरु भएको सो बैठकमा दलका नेताहरूले अधिवेशनको शुभकामना दिए ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट बोल्दै वाग्मती प्रदेशसभा सदस्य तथा नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले हँसिया–हथौडा अङ्कित झन्डा बोक्ने ३ वटा दलको वाग्मती प्रदेशसभामा संयुक्त सरकार भए तापनि नामअनुसारको कुनै काम नभएको प्रस्ट पार्नुभयो । १३५ औं अन्तर्राष्ट्रिय मजदुर दिवस र कार्ल मार्क्सको २०६ औं जन्मदिवस देश–विदेशमा भर्खरै सम्पन्न भएको उल्लेख गर्दै वास्तविक कम्युनिस्टहरूले शक्तिमा पुग्दा अझ बढी जिम्मेवारीपूर्वक कामगरी खाने जनताको पक्षमा नीतिनियम बनाउनेदेखि सिद्धान्तलाई व्यवहारमा लागु गर्ने काम गर्नुपर्नेमा जोड दिनुभयो ।





प्रदेश सांसद गोसाईले १ मईको भावना र कार्ल मार्क्सको सिद्धान्त भनेको आमूल परिवर्तनको विचार भएको बताउँदै मार्क्सवाद–लेनिनवाद–माओ त्सेतुङ विचारधारा संसारको सबैभन्दा वैज्ञानिक सशक्त हतियार हो भन्नुभयो । उहाँले भन्नुभयो, "मार्क्सवादले संसारलाई हल्लायो, हल्लाउँदै छ र त्यो जारी रहनेछ । केही पुँजीवादी बुद्धिजीवीहरू १९९१ मा सोभियत समाजवादले बेहोरेको अस्थायी हार देखेर अब मार्क्सवाद पुरानो भयो; यो सदाको निम्ति परास्त भयो भनी नाचे, हाँसे तर आज ३० वर्षपछि फेरि समाजवाद जग्मगाउँदै छ । विश्वमा मार्क्सवादको अपरिहार्यताबारे बहस, छलफल बुद्धिजीवी, मजदुर–किसानहरूबिच चल्दै छ । विश्वको वर्तमान आर्थिक सङ्कटको समाधान मार्क्सवादले नै मात्र दिन सक्नेबारे अर्थशास्त्री, राजनीतिशास्त्री तथा जनताबिच व्यापक छलफल हुँदै छ ।"

प्रदेशसभा सदस्य गोसाईले कम्युनिस्ट झन्डा बोक्ने पार्टीहरूसामु एउटा प्रश्न तेर्सिएको प्रसङ्ग राख्नुभयो । उहाँले भन्नुभयो, "नेपालमा बहुदलीय प्रजातन्त्र स्थापना भएको ३४ वर्ष भयो । के अझै हामी यही पुँजीवादी गणतन्त्रलाई मलजल गर्दै फलको आश गरेर बस्ने ? सिद्धान्तप्रति बफादार सच्चा कम्युनिस्टहरूले समाजवादी गणतन्त्रको पक्ष लिन्छन् र हरेक गतिविधि तथा तयारी त्यसैको स्थापनाका निम्ति गर्दछन् ।"

प्रदेश सांसद गोसाईले देशमा सर्वसाधारणको जीवन अत्यन्त कष्टकर बन्दै गएको र आत्महत्याका घटना बढ्न थालेको उल्लेख गर्दै सहकारीमा देखिएका अनियमितता, आर्थिक अस्तव्यस्तता, भ्रष्टाचारका काण्डहरूले जनतामा व्यापक असन्तुष्टि तथा आक्रोश बढ्दै गएको बताउनुभयो । जनतालाई सुविधा दिन

बाँकी पृष्ठ ८ मा

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा २०८० सालको वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र निर्णायकहरूलाई सम्मान कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण खेलाडी, रेफ्री, प्रशिक्षक, टीम-क्लव, पुस्तकालय, सङ्घ- संस्था र खेलप्रेमी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

कार्यक्रम :
मिति : २०८१ जेठ ५ गते, शनिबार
समय : बिहान ८:३० बजे
स्थान: ख्वप इन्जिनियरिङ कलेज, लिबाली

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

नगरवासीहरूलाई अत्यन्त जरुरी सूचना

भक्तपुर नगरपालिका क्षेत्र बाहिरका सहकारी संस्थाहरूबाट दैनिक बचत सङ्कलकहरू पठाई नगरवासीहरूको रकम सङ्कलन गरी फिर्ता नदिने क्रम बढ्दै गइ रहेको देखिएकोले नगर बाहिरका सहकारी संस्थाहरूबाट सङ्कलकहरू आई दैनिक बचत रकम सङ्कलन गर्न आएको खण्डमा दैनिक बचत रकम जम्मा नगर्न सम्पूर्ण नगरवासीहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।




**फोहोर नउठ्दा सर्वसाधारणलाई सास्ती**

ललितपुरको पुल्चोकमा रातो मछिन्द्रनाथको रथ निर्माण गर्ने क्रममा निस्किएको फोहोर । लामो समयसम्म सम्बन्धित निकायले फोहोर व्यवस्थापन नगर्दा सर्वसाधारणले आवतजावतमा सास्ती झेल्दै आएका छन् । *तस्बिर : अर्चना झा/रासस*

# बौद्ध दर्शन अध्ययन समाजको अध्यक्षमा उलक

भक्तपुर, १ जेठ । बौद्ध दर्शनप्रति चासो राख्ने व्यक्तित्वहरूको मङ्गलबार भेला भयो ।

उक्त भेलाले समाजसेवी चन्द्रबहादुर उलकको अध्यक्षतामा १२ सदस्यीय बौद्ध दर्शन अध्ययन समाजको पुनर्गठन गर्‍यो । उक्त समाज यसअघि २०६६ साल वैशाख २७ गते दिवङ्गत ज्ञानबहादुर न्याईच्याईको अध्यक्षतामा गठन गरिएको थियो ।

बौद्ध दर्शन अध्ययन समाज गठनपश्चात् समाजमा बौद्ध दर्शनसम्बन्धी विभिन्न ज्ञान दिलाउने उद्देश्यले बौद्ध साहित्यिक त्रैमासिक पत्रिका 'अर्हत्' प्रकाशन गर्दै आइरहेको छ । ज्ञानबहादुर न्याईच्याईको देहावसानपछि अर्का शिक्षासेवी बालमुकुन्द बासुकलाको अध्यक्षतामा सञ्चालन हुँदै आएको उक्त समाजले अर्हत् प्रकाशनका साथै बौद्ध ज्ञानसम्बन्धी प्रवचन, छलफल, अन्तरक्रिया आदि गतिविधिहरू गर्दै आएको थियो ।

बुद्ध जयन्तीको अवसरमा बैठकले 'अर्हत्' प्रकाशनको नयाँ प्रकाशन समिति बनाउनुको साथै वर्ष १२ अङ्क १ को नयाँ प्रकाशन गर्ने पनि निर्णय गर्‍यो ।

# आदर्श आजादमा गणित विषयसम्बन्धी कार्यशाला गोष्ठी



भक्तपुर, १ जेठ । गणित केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको आयोजना तथा आदर्श आजाद मावि भिमसेनस्थान भक्तपुरको सहआयोजनामा मङ्गलबार 'विद्यालय तहमा गणित विषयको शिक्षण, पाठ्यक्रम तथा अध्यापनको वर्तमान अवस्था' विषयक कार्यशाला गोष्ठी भयो ।

गोष्ठीको पहिलो सत्रको उद्घाटन गर्दै गणित केन्द्रीय विभाग त्रिवि कीर्तिपुरका प्रमुख प्रा.डा. चेतराज भट्टले गणित विषयप्रति नेपाली समाजको धारणामा सकारात्मक परिवर्तन गराउनुपर्ने कुरा औँल्याउनुभयो । उहाँले गणित विषय अध्यापन, शिक्षण सिकाइ क्रियाकलापहरूमा आउने र आएका समस्या समाधान गर्न विभागले कार्यक्रम नै सञ्चालनमा ल्याएको बताउनुभयो ।

विभागका सहप्राध्यापक डा. श्रीराम खड्काले गणित विषय सिकाइमा शिक्षक, विद्यार्थी र अभिभावकको अहम् भूमिका हुने भएकोले गणितलाई जनजीवनमा व्यवहारिकरूपमै प्रयोगमा ल्याउनुपर्ने कुरामा जोड दिनुभयो ।

विद्यालयका प्र.अ.तथा कार्यक्रमका सभापति श्रीकृष्ण किसीले विद्यालय तहबाट नै गणित विषयप्रति रुचि जगाई गणित विषयको जनशक्ति उत्पादन गर्ने उद्देश्यले कार्यशाला गोष्ठी आयोजना गरेको बताउँदै गणितमा दखल भएका नागरिकहरू धेरै भएको देशले विज्ञान तथा प्रविधिमा छिटो विकास गरेको तथ्य बताउनुभयो ।

विद्यालयका सहायक प्र.अ.चक्रबहादुर चाकतुले गणित विषयसम्बन्धी समस्याहरू समाधानमा गणित केन्द्रीय विभागबाट सहकार्य तथा सहयोग हुने अपेक्षा गर्नुभयो ।

गणित तथा विज्ञान अध्यापनरत शिक्षक तथा विद्यार्थीहरू सहभागी सो गोष्ठीमा कार्यक्रम संयोजक डा. विष्णुहरि सुवेदी, प्रा.डा.प्रकाशमुनि बज्राचार्य, डा. पवन श्रेष्ठ र शिक्षक राकेश सुकुपायोले आ-आफ्नो धारणा राख्नुभयो ।

# पुन:निर्माणका लागि रु. ६३ अर्ब ५८ करोड लाग्ने

काठमाडौँ, १ जेठ । विभिन्न समयमा गएका तीन वटा भूकम्पका कारण क्षतिग्रस्त संरचना पुन:निर्माणका लागि रु. ६३ अर्ब ५८ करोड लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको प्रारम्भिक क्षति मूल्याङ्कनमा झन्डै रु. ५८ अर्बको क्षति भएको र त्यसको पुन:निर्माणका लागि साढे रु. ६३ अर्बभन्दा बढी लाग्ने अनुमान गरिएको हो ।

प्राधिकरणका नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख भरतमणि पाण्डेका अनुसार प्रारम्भिकरूपमा अध्ययन गरेर पुन:निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइसकिएको जानकारी दिनुभयो ।

विसं २०८० कार्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर छ दशमलव चार रेक्टर स्केलको भूकम्प गएको थियो । उक्त भूकम्पमा परेर १५४ जनाको मृत्यु भएको थियो भने ३६६ जना घाइते भएका थिए ।

विसं २०८० असोज १६ गते बझाङमा पाँच दशमलव तीन रेक्टरस्केलको भूकम्प जाँदा एक जनाको मृत्यु र ३० जना घाइते भएका थिए । त्यसअघि २०७९ कार्तिक २२ मा डोटीमा छ दशमलव छ रेक्टरको भूकम्प जाँदा छ जनाको मृत्यु र आठ जना घाइते भएका थिए ।

ती तीनै वटा भूकम्पबाट ९५ हजार ७८७ घर क्षति भएको विवरण छ । ती घरमा कुल रु. ४३ अर्ब ३९ करोड क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । त्यसबाहेक दुई सय चार वटा विद्यालय भवन, ७० सरकारी र सार्वजनिक भवन, ११ वटा सांस्कृतिक सम्पदा, झन्डै दुई सय किलोमिटर सडक र एक सय २१ वटा सिँचाइ आयोजनामा क्षति पुगेको थियो । सबैभन्दा बढी मानवीय र भौतिक क्षति जाजरकोट भूकम्पले गराएको थियो । उक्त भूकम्पमा मात्रै ८६ हजार बढी घर क्षति भएको छ ।

प्राधिकरणले गरेको प्रारम्भिक मूल्याङ्कनमा निजी आवास, सरकारी भवन, स्वास्थ्य, शिक्षा र तथा सांस्कृतिक भवनको पुन:निर्माणका लागि रु. ५२ अर्ब ४६ करोड, अन्य पूर्वाधार क्षेत्र पुन:निर्माणका लागि रु. सात अर्ब १८ करोड, उत्पादनशील क्षेत्रका लागि रु. एक अर्ब ७३ करोड र अन्य गरेर कुल रु. ६३ अर्ब ५८ करोड खर्च लाग्ने अनुमान गरिएको छ ।

सोही आधारमा पुन:निर्माणको आवश्यक प्रक्रिया अघि बढाउन थालिएको छ । जाजरकोट, बझाङ र डोटीलाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण क्षति भएका निजी आवास, सार्वजनिक भवन र अन्य भौतिक संरचनाहरूको प्रबलीकरण, पुन:निर्माण र पुन:स्थापनाको योजना तर्जुमा गर्न विस्तृत क्षति आकलनको अवधारण स्वीकृत गरी बजेटका लागि अर्थ मन्त्रालयमा सहमति माग्ने निर्णय यसअघि नै भइसकेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले यसअघि गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले 'विपद् प्रभावितको निजी आवास प्रबलीकरण, पुन:निर्माण तथा पुन:स्थापना अनुदान कार्यविधि, २०८१' स्वीकृत पनि गरिसकेकाले अब पुन:निर्माणका काम अघि बढाइने जानकारी दिनुभयो ।

यसपटक लाभग्राही कायम गरी 'क', 'ख' र 'ग' मा वर्गीकरण गरिने र आवास पुन:निर्माणको काम अघि बढाइने उहाँले बताउनुभयो ।

कार्यविधिमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ । क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहले गर्ने छ । क्षति आकलन पनि पहिलो प्राथमिकतामा स्थानीय तहलाई नै दिइएको छ । उसले नसकेमा स्थानीय तहलाई प्रदेश र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समन्वय गर्ने छ ।

स्थानीय तहबाट आएको विवरणका आधारमा विश्लेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही पहिचान र कायम गर्नेछ । त्यसपछि लाभग्राही र वडाध्यक्षबिच सम्झौता हुने छ । सम्झौताको २ वर्षभित्रमा पुन:निर्माण सक्ने गरी कार्यविधि तयार पारिएको छ । ***रासस***

# सत्र वर्षदेखि वन कार्यालयमै थन्कियो रक्तचन्दन

**– चन्द्रकला भण्डारी**

झापा, १ जेठ । झापाको डिभिजन वन कार्यालयका दुई वटा कोठामा रक्तचन्दन थन्किएको सत्र वर्ष भयो । विसं २०६३ र २०६४ मा भारतबाट तस्करी हुँदै टाघनडुब्बालगायतका सीमावर्ती क्षेत्रबाट बरामद भएका १९ हजार आठ सय ३२ केजी रक्तचन्दन त्यसयता यहाँस्थित वन कार्यालयमा थन्किएका छन् ।

डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले भण्डारणमा रहेको रक्तचन्दनलाई चौबिसैघण्टा पहरा दिएर सुरक्षित राखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "खुला ठाउँमा राख्दा हराउने जोखिम रहने भएकाले कार्यालयको कोठामै भण्डारण गरिएको रहेछ । पालोपालो गरेर कोठा बाहिर वन रक्षकले अटुट पहरा दिइरहेका छन् ।" रक्तचन्दन भारतबाट तस्करी गरेर चीन लैजाने क्रममा विभिन्न जिल्लामा बरामद भएको थियो ।

काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, सप्तरी, सर्लाही, नवलपरासी, कपिलवस्तु, रूपन्देहीलगायत २० जिल्लामा यसलाई भण्डारण गरी सुरक्षाका साथ राखिएको छ । सबैभन्दा बढी रक्तचन्दन भण्डारण गरिएको काठमाडौँस्थित वन विभाग परिसरमा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा सुरक्षाकर्मी खटिने गरेका छन् ।

दुर्लभ वन्यजन्तु तथा वनस्पतिको व्यापार महासन्धि (साइटिस) को प्रावधान अनुसार सङ्कटापन्न वनस्पतिको रूपमा सूचीकृत रक्तचन्दन तस्करी भएर जुन देशमा पुगे पनि सम्बन्धित देशमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । महासन्धिको प्रावधानबमोजिम नेपाल सरकारले बरामद रक्तचन्दनको बिक्री-वितरण गर्न नपाउने र उत्पत्ति भएको देशलाई नै फिर्ता गर्नुपर्ने डिभिजन वन कार्यालय झापाका प्रमुख राईले बताउनुभयो ।

नेपाल सरकारले बरामद भई मुलुकभित्र भण्डारण गरिएको रक्तचन्दन भारतलाई फिर्ता पठाउने सरकरले हालै निर्णय गरेको जनाउँदै उहाँले झापामा रहेको रक्तचन्दन फिर्ता हुनेमा विश्वास गर्नुभयो ।

रक्तचन्दन औषधि र धार्मिक कार्यमा प्रयोग हुने रातो रङको सुगन्धित काठ हो । दक्षिण भारतको आन्ध्र प्रदेश, कर्णाटक र तामिलनाडुका घना जङ्गलमा रक्तचन्दन पाइन्छ ।

विसं २०६३ मा नेपालमा तस्करीको माध्यमबाट भित्रिएको रक्तचन्दन झापा, रसुवालगायतका जिल्लामा बरामद भएको थियो । नेपालले विभिन्न अवधिमा दुई लाख ४७ हजार ४८ किलो रक्तचन्दन बरामद गरेको वन विभागको भनाइ छ ।

जसमध्ये एक लाख ७३ हजार ७१ केजी रक्तचन्दन नेपालले २० जिल्लामा भण्डारण गरेर राखेको छ । नेपाल सरकारले विसं २०६५, २०७१ र २०८१ गरी तीन पटक औपचारिक निर्णय गरी भारतलाई रक्तचन्दन फिर्ता लगिदिन आग्रह गरिसकेको छ । विसं २०६५ सालमा भारत सरकारले ३६ हजार नौ सय २८ केजी रक्तचन्दन फिर्ता लगेको थियो ।

गत वैशाख २७ गते मन्त्रिपरिषद् बैठकले झापालगायतका जिल्लामा रहेका सबै एक लाख ७३ हजार ७१ केजी रक्तचन्दन फिर्ता पठाउने निर्णय गरेको छ । ***रासस***

# दस महिनामा ६० प्रतिशत बजेट खर्च

काठमाडौँ, १ जेठ । चालु आर्थिक वर्षको १० महिनामा सरकारको बजेट खर्च ६० प्रतिशत हाराहारी देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार वैशाख मसान्तसम्ममा वार्षिक विनियोजनको ६० दशमलव ३५ प्रतिशत अर्थात् रु. १० खर्ब ५६ अर्ब ८९ लाख २४ हजार बराबर खर्च भएको जनाएको छ । सरकारले चालु आर्थिक वर्षका लागि रु. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो ।

वैशाख मसान्तसम्ममा चालुगततर्फ वार्षिक विनियोजनको ६५ दशमलव ९१ प्रतिशत खर्च भएको छ । चालु शीर्षकमा रु. ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर वार्षिक विनियोजन भएकोमा हालसम्म रु. सात खर्ब ५२ अर्ब ५५ करोड ७३ लाख बराबर खर्च भएको छ ।

पुँजीगत शीर्षकमा रु. तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर वार्षिक विनियोनज भएकोमा वैशाख मसान्तसम्म वार्षिक लक्ष्यको ३७ दशमलव ०४ प्रतिशत अर्थात् रु. एक खर्ब ११ अर्ब ८८ करोड २९ हजार बराबर खर्च भएको छ । त्यसैगरी, वित्तीय व्यवस्था शीर्षकमा ६२ दशमलव ६ प्रतिशत खर्च भएको छ । यो शीर्षकमा रु. तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकोमा वैशाख मसान्तसम्ममा रु. एक खर्ब ९२ अर्ब ४५ लाख २२ हजार बराबर खर्च भएको हो ।

सो अवधिको कुल सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ५८ दशमलव दुई प्रतिशत छ । चालु आवमा रु. १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ बराबर राजस्व उठाउने लक्ष्य रहेकोमा वैशाख मसान्तसम्ममा रु. आठ खर्ब ५७ अर्ब दुई करोड ८० लाख बराबर असुली भएको छ ।

कर राजस्वतर्फ रु. १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख बराबरको वार्षिक लक्ष्य रहेकोमा हालसम्म ५७ दशमलव २१ प्रतिशत अर्थात् रु. सात खर्ब ४६ अर्ब ८३ करोड २८ लाख बराबर उठेको छ । त्यस्तै, गैरकर राजस्वतर्फ रु. एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर लक्ष्य रहेकोमा ७२ दशमलव सात प्रतिशत अर्थात् रु. ८५ अर्ब १० करोड चार लाख बराबर असुली भएको छ ।

त्यस्तै, रु. ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने सरकारी लक्ष्य रहेकोमा हालसम्म लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु. दुई अर्ब ७५ करोड ८० लाख बराबर अनुदान लिइएको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

# किसानलाई एक सय तीस क्विन्टल उन्नत जातको बीउ वितरण

कञ्चनपुर, १ जेठ । उत्पादन वृद्धि गरी किसानको आयस्तर बढाउन शुक्लाफाँटा नगरपालिकाले एक सय ३० क्विन्टल उन्नत जातको धानको बीउ वितरण गरेको छ ।

चालु आर्थिक वर्षको स्वीकृत खाद्यान्न बालीको बीउबिजन उत्पादन कार्यक्रमअन्तर्गत ५० प्रतिशत अनुदानमा किसानलाई धानको बीउ वितरण गरिएको हो । नगरपालिकाका १२ वटै वडाका सहकारी, समूह र कृषि फार्ममार्फत किसानलाई अनुदानमा धानको बीउ वितरण गरिएको नगरपालिकाको कृषि विकास शाखाका प्रमुख करनसिंह बुढाऐरले बताउनुभयो ।

शाखा प्रमुख बुढाऐरले भन्नुभयो, "किसानलाई साँवा मन्सुली २० क्विन्टल, सुक्खा तीन २३ क्विन्टल, राधा चार ४२ क्विन्टल र सर्जु बाउन्न ४२ क्विन्टल धानको बीउ किसानलाई वितरण गरिएको छ । चालिस बिघा खेतमा पुग्ने गरी धानको बीउ वितरण भएको छ ।" उन्नत जातको धानको क्षेत्र विस्तार गरी उत्पादन बढाउन प्रत्येक वर्ष शाखाले माटो सुहाउँदो बीउ अनुदानमा वितरण गर्दै आएको उहाँले जानकारी दिनुभयो । ***रासस***

# झापामा सम्बन्धविच्छेदका मुद्दा बढे

भद्रपुर (झापा), १ जेठ । गत वर्षको तुलनामा झापामा सम्बन्धविच्छेदका मुद्दामा वृद्धि भएको पाइएको छ । झापा जिल्ला अदालतका अनुसार चालु आर्थिक वर्षको १० महिनामा सम्बन्धविच्छेदका नौ सय ५४ मुद्दा दर्ता भएका छन् ।

चालु आवमा हालसम्म दर्ता भएका तीन हजार पाँच सय ५६ मध्ये २६ प्रतिशत सम्बन्धविच्छेदका मुद्दा रहेको झापा जिल्ला अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताउनुभयो । लागुऔषध, अंश, जबरजस्ती करणीलगायत मुद्दा पनि बढिरहेका छन् ।

श्रेस्तेदार सिंहका अनुसार गत वर्षसहित पछिल्ला १० महिनामा दुई हजार सात सय ८५ वटा मुद्दाको फैसला भएको छ । तीन हजार पाँच सय ५७ मुद्दा विचाराधीन छन् । जिल्ला अदालतमा दरबन्दीअनुसार न्यायाधीश नहुँदा मुद्दाको चाप बढेको छ । आठजना न्यायाधीशको दरबन्दी रहेकामा छ जनामात्र सेवारत हुनुहुन्छ । ***रासस***



सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठक

सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत कार्यक्रममा मङ्गलबार सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा बसेको सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठक । *तस्बिर : नवीन पौडेल/रासस*

# सिँचाइका लागि जनश्रमदानमा जुटे किसान

भजनी (कैलाली), १ जेठ । गहुँ बाली भित्र्याएसँगै किसान बर्खे बाली अर्थात् धान बालीको तयारीमा जुटेका छन् । धानको ब्याड राख्ने समय भएपछि सिँचाइको कुलो मर्मतसम्भारमा किसान जुटेका हुन् । यतिबेला रानी जमरा कुलरिया सिँचाइ आयोजनाको तीनै कुलोका किसानको खेतसम्म पुग्ने सिँचाइ कुलोको मर्मतसम्भारमा किसानहरूले जनश्रमदान गर्दै आएका छन् ।

केही दिनदेखि टीकापुरका विश्राम चौधरी पनि कुलो मर्मतसम्भारका लागि जनश्रमदानमा व्यस्त हुनुहुन्छ । गाउँका अन्य किसानसँगै जमरा कुलोको पानी खेतसम्म पुऱ्याउनका लागि सिँचाइ कुलो मर्मतसम्भारमा लागिएको उहाँले बताउनुभयो । विश्राम भन्नुहुन्छ, "बर्सेनि बर्खा सुरु हुनुभन्दा पहिले गाउँका सबै किसानको सहभागितामा आफ्नो क्षेत्रको किलो मर्मतसम्भार गरेर खेत सिँचाइका लागि पानी ल्याउने चलन रहेको छ । गाउँको बडघरको नेतृत्वमा सबैको उपस्थिति हुने हुँदा काम छिटोछरितो र रमाइलोसँगै काम पनि हुन्छ, यो एउटा हाम्रो परम्पराजस्तो पनि बनिसकेको छ ।" जनश्रमदानमा सहभागी हुन नसक्ने किसानले जरिवाना तिर्नुपर्ने चलन गाउँमा रहँदै आएको उहाँ बताउनुहुन्छ ।

राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाले यसअघि नै मुख्य कुलोमा पानी छाडिसकेको छ । मुख्य कुलोबाट किसानको खेतसम्म पुग्ने सिँचाइ कुलो मर्मतसम्भार गरेर किसान धानको ब्याड राख्ने तयारीमा रहेको कृषक मोतिलाल चौधरीले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "हाम्रा लागि बर्खा सुरु भइसकेको छ, धानको ब्याडका लागि अधिकांश किसानले तयारी गरेका छन्, त्यसैको सिँचाइका लागि सामूहिक श्रमदानमा सिँचाइ कुलोको मर्मतसम्भार गरेर पानी ल्याउने काम भइरहेको छ । सिँचाइको सुविधा भएपछि केही दिनभित्रै किसानलाई खेतको काममा भ्याइनभ्याई हुन्छ ।"

कुनै समय कैलालीका किसान सिँचाइका लागि महिनौँ कर्णाली नदीको मुहानमै बसेर काम गर्दै आएको इतिहास धेरै भएको छैन । पूर्वी कैलालीका अधिकांश स्थानीय सिँचाइका लागि कुलोमा पानी ल्याउनकै लागि कर्णाली नदीमा महिना दिन बिताउने गर्थे । त्यो बेला रानी जमरा कुलरिया कुलोमा पानी ल्याउन हजारौँ किसान दिनरात कर्णाली नदीमा बस्ने गर्थे । स्थानीय बन्धु चौधरी भन्नुहुन्छ, "त्यो बेला हरेक घरबाट एकजना सिँचाइका लागि पानीको मुहान फर्काउन अनिवार्य थियो, हजारौँको सहभागितामा कर्णालीको पानी सिँचाइका लागि ल्याइन्थ्यो । त्यो बेलाको स्थिति हेर्दा अहिले किसानलाई दुःख नै छैन, प्रविधिको प्रयोग र राष्ट्रिय गौरवको आयोजनाले किसानलाई धेरै सहज बनाएको छ ।"

रानी जमरा कुलरिया सिँचाइ आयोजना सुरु भएपछि सिँचाइका लागि किसानलाई कर्णाली नदीसम्म पुग्नुपर्ने बाध्यता हटेको छ । मुख्य कुलोबाटै काम गर्नुपर्ने बाध्यतामा रहेका किसान आयोजना सुरु भएपछि मुख्य कुलोको सहायक कुलोबाट सिँचाइ कुलो मात्रै किसानले मर्मतसम्भार गर्नुपर्छ । त्यतिमात्र नभई किसानलाई आवश्यक मात्राको पानी कुलोमा ल्याउन मिल्ने भएपछि कुलो समितिले मात्राअनुसार पानी छाड्ने गरेको छ । बढी भएको पानी कर्णाली नदीमा फर्काउने व्यवस्था मिलाइएको छ ।

रानी जमरा कुलरिया सिँचाइ आयोजनाको ७२ प्रतिशत काम सम्पन्न भएको छ । आयोजनाले काम सम्पन्न गरेपछि किसानले बाह्रै महिना सिँचाइ सुविधा पाउनेछन् । आयोजनाका सूचना अधिकारी नवीन पौडेलका अनुसार जमरा कुलोको काम अन्तिम चरणमा रहे पनि रानी कुलोको काम अहिले पनि ३० प्रतिशत सम्पन्न भएको छ । उता कुलरिया कुलाको ५० प्रतिशत काम सम्पन्न भएको सूचना अधिकारी पौडेलले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "समग्रमा आयोजनाको ७२ प्रतिशत काम सम्पन्न भए पनि जमरा कुलोको काम सम्पन्न हुने अवस्थामा पुगेको छ । बाँकी रानी र कुलरियाको काम सुरुमा प्राविधिक समस्याले ढिला भए पनि अहिले कामले गति लिएको छ ।" नेपाल सरकार स्वीकृत खरिद योजनाअनुसार आगामी असारमा सम्पन्न हुने भनिए पनि पुनः एक वर्ष थप भएर २०८१/८२ मा सम्म कायम गरिएको उहाँले बताउनुभयो । ***रासस***

# पोखरीमा पानी सङ्कलन गरेर सागसब्जी फलाउँदै कैलालीका किसान

टीकापुर (कैलाली), १ जेठ । कैलालीको चुरे गाउँपालिका-५ लिसवेली गाउँका किसान नजिकको मुहानबाट ल्याएको पानी पोखरीमा सङ्कलन गरेर खतीपातीमा जुटेका छन् । हिउँदेबालीका लागि उनीहरूले निजी तथा सामुदायिक पोखरीबाट खेतबारी सिँचाइ गर्दै आएका छन् ।

लिसवेली गाउँका सबै किसान अन्नबालीभन्दा सागसब्जीको अधिक खेती गर्छन् । गोलभेँडा, खुर्सानी, बन्दाकोभी, काउली, आलु, प्याज, लसुन, धनियाँलगायत तरकारी बाली लगाउने गर्छन् । यहाँका १२ किसान परिवारले सामूहिक र व्यक्तिगतरूपमा बनाइएका पोखरीमा सङ्कलन भएको पानीबाटै प्रशस्त आम्दानी गर्दै आएका किसान खेमराज सापकोटाले बताउनुभयो । उनीहरूले बारीमा पानी लगाउने समय तालिका पनि बनाएका छन् ।

"खेतीका लागि पानीको समस्या भएकाले पोखरीमा मुहानको पानी सङ्कलन गरिरहेका छौँ, पोखरीको पानीको किफायती प्रयोगमा हामी सबैको जोड छ," उहाँले भन्नुभयो । यहाँका किसान वर्षात्को दुई महिनाबाहेक अन्य समयमा तरकारीखेती गर्छन् ।

खेतीका लागि उनीहरूले सामूहिक वा व्यक्तिगत पोखरीमा जम्मा भएको पानी प्रयोग गर्ने गरेका अर्का किसान धर्मराज भट्टले बताउनुभयो । किसानले थोपा सिँचाइ प्रविधि प्रयोग गरेका छन् । किसानले वर्षाको पानी सङ्कलन गर्न प्रत्येक घरमा 'स्वायल सिमेन्ट' पोखरी बनाउने योजना रहेको उहाँले जानकारी दिनुभयो । ***रासस***

# गिरीबन्धुका चिया मजदुरले पाएनन् पारिश्रमिक

झापा, १ जेठ । विर्तामोडस्थित गिरीबन्धु टी-स्टेटका मजदुरहरूले तीन महिनादेखि पारिश्रमिक नपाएको भन्दै श्रम कार्यालय, जिल्ला प्रशासन र नगरपालिका गुहारेका छन् । गिरीबन्धु टी-स्टेटको चिया बगान र उद्योगमा हाल एक सय ७० मजदुर स्थायीरूपमा कार्यरत छन् ।

बिर्तामोड-६ र अर्जुनधारा-११ मा गिरीबन्धु टी-स्टेटको चिया बगान र कारखाना छ । मजदुरहरूले पारिश्रमिक उपलब्ध गराई दिन गरेको आग्रहलाई बगान सञ्चालकले बेवास्ता गरेपछि श्रम कार्यालय, विर्तामोड नगरपालिका र जिल्ला प्रशासन कार्यालय झापालाई उनीहरूले गुहारेका हुन् ।

मजदुरहरूले सोमबार बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाई र उपप्रमुख नगेन्द्रप्रसाद सङ्ग्रौलालाई ज्ञापन पत्र बुझाउँदै पारिश्रमिक उपलब्ध गराउन पहल गरिदिन माग गरेका छन् ।

नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घका केन्द्रीय उपाध्यक्ष सईकुमार राईले २०८० फागुनदेखि चिया मजदुरले पारिश्रमिक नपाएको बताउनुभयो । उहाँले भन्नुभयो, "महिनौँदेखि पारिश्रमिक नपाउँदा मजदुरहरूको बिचल्ली भएको छ । व्यवसायीहरूले खाद्यान्न समेत उधारो दिन छाडेका छन् ।"

कार्यरत मजदुरहरू बगानको कच्ची आवासगृहमा बस्दै आएका छन् । अतिरिक्त आयस्रोत नभएका कारण मजदुरहरू भोकमरीमा परेको विषयलाई सरकारले गम्भीररूपमा लिनुपर्ने मजदुर अगुवा नारायण दर्जीको धारणा छ ।

व्यवस्थापनले यसअघि पाक्षिकरूपमा मजदुरको पारिश्रमिक दिँदै आएको थियो । भुक्तानी रोकिए पनि मजदुरहरू नियमित कामकाजमा खटिइरहेको उहाँले जानकारी दिनुभयो । पारिश्रमिक माग्न जाँदा व्यवस्थापन पक्षले बेवास्ता गर्दै आएको उहाँको गुनासो छ ।

नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घका केन्द्रीय उपाध्यक्ष राई भन्नुहुन्छ, "पारिश्रमिक माग्न जाँदा बगान घाटामा छ भनेर व्यवस्थापन पक्षले हामीलाई रित्तै हात फर्काउने गरेको छ । उहाँहरू पैसा छैन, ताला लगाइदिन्छु, सरकारलाई बगान जिम्मा लगाउँछु भनेर त्रास देखाउनुहुन्छ ।"

मजदुरहरूले जिल्ला प्रशासन कार्यालय झापा र श्रम कार्यालय भद्रपुरमा पारिश्रमिक दिलाउन पहल गरिदिन ज्ञापन पत्र बुझाइसकेका छन् । पारिश्रमिक नपाए आन्दोलनमा उत्रिन बाध्य हुने मजदुरहरूले बुझाएको ज्ञापन पत्रमा उल्लेख छ ।

गिरीबन्धु टि-स्टेटका व्यवस्थापक सन्तकुमार राईले आर्थिक सङ्कटका कारण मजदुरहरूलाई पारिश्रमिक भुक्तानी गर्न नसकेको बताउनुभयो । बगान निरन्तर घाटामा गइरहेको र निकास पनि केही ननिस्किएको उहाँको भनाइ छ ।

श्रम कार्यालय भद्रपुरका प्रमुख सुलभ श्रेष्ठले पारिश्रमिक नपाएको गुनासो लिएर मजदुरहरू कार्यालयमा आएपछि गिरीबन्धु टी-स्टेट प्रालिलाई पत्राचार गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "मजदुरहरू आउनुभएको थियो । पारिश्रमिक दिनु भनेर हामीले व्यवस्थापन पक्षलाई लिखित आग्रह गरिसकेका छौँ ।" ***रासस***

# इतिहासकार ज्ञानमणि नेपालको निधन

काठमाडौँ, १ जेठ । इतिहासकार ज्ञानमणि नेपालको ९२ वर्षको उमेरमा निधन भएको छ । मुटु र मिर्गौलासम्बन्धी रोगबाट पीडित उहाँको उपचारका क्रममा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल परिसरस्थित मनमोहन कार्डियोभास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा मङ्गलबार मध्याह्न निधन भएको हो ।

इतिहासकार नेपालका भाइ एकमणि नेपालले राससलाई दिएको जानकारीअनुसार उहाँको पशुपतिस्थित आर्यघाटमा अन्तिम संस्कार गरिने छ । इतिहासकार नेपालका दुई छोरा हुनुहुन्छ ।

नेपाललाई एक सिद्धहस्त, नेपालको सांस्कृतिक इतिहासका ज्ञाता र खोजकर्ताका रूपमा चिनिन्छ । उहाँले भोजपुरमा १९८९ माघ शुक्ल पञ्चमी अर्थात् श्रीपञ्चमीका दिनमा जन्मिएर खोटाङमा कार्यक्षेत्र बनाई कौमुदी, चण्डीबाट शिक्षा आर्जन गर्न सुरु गर्नुभएको थियो । काठमाडौँमा आई इतिहासप्रति अभिरुचि राखेर नेपालले अध्ययन गरी इतिहाससम्बन्धी अनेकौँ कृति प्रकाशन गर्नुभएको छ ।

नेपालका 'नेपाल निरूपण', 'नेपाल निरुक्त', 'नेपालको महाभारत', 'पशुपतिनाथको दर्शन, स्पर्शन, पूजन', 'पुराना कविता' लगायत दुई दर्जन कृति प्रकाशित भएको लेखक एवं साहित्यकार हरिप्रसाद सोडारीले जानकारी दिनुभयो ।

नेपालले नयराज पन्तसँग शिक्षा आर्जन गर्नुभएको थियो । नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सदस्य रहिसक्नुभएका नेपाल वृद्धअवस्थासम्म पनि इतिहासको खोज, अध्ययन र अनुसन्धानमा सक्रिय हुनुहुन्थ्यो । ***रासस***

# चित्रकला तालिम सुरु

भक्तपुर, १ जेठ । भक्तपुर नगरपालिका वडा नं. ९ स्थित प्रगति पुस्तकालयको आयोजनामा ३ महिने चित्रकला तालिम सुरु भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा न ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले विद्यार्थीहरूले अनुशासनमा बस्नुपर्ने जोड दिनुपर्ने बताउँदै अभिभावकहरूले भनेको कुरा मान्ने र इमानदार बन्नुपर्ने बताउनुभयो ।

साथै उहाँले चित्रकला हरेक विषयमा प्रयोग हुने बताउँदै चित्रकलाले हस्तलेखनमा समेत उल्लेख्य सुधार हुने बताउनुभयो ।

कार्यक्रममा पुस्तकालयका अध्यक्ष रविन्द्रप्रसाद कुसीले प्रगति पुस्तकालयले गरिदै आएको विविध गतिविधिबारे जानकारी दिनुभयो ।

साथै, प्रशिक्षक विकास तमखुले चित्रकलाबारे जानकारी दिँदै कक्षामा नियमित रुपमा आउनुपर्ने र समयको परिपालना गर्नुपर्ने बताउनुभयो ।

तालिममा बागीश्वरी मावी, महेन्द्र विद्याश्रम, माउन्ट भ्याली, बाल बिकास स्कुल, ख्वप्रीङ, जेन्युन, ह्वाइट रोज, लिटिल वर्ल्डका गरी जम्मा २३ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

। सम्पादकीय ।

# स्थानीय तहमा विकेन्द्रीकरण र स्वायत्तताको अधिकार आवश्यक

नेपाल विभिन्न जनजाति र भाषाभाषीहरूको देश हो । विभिन्न जनजाति र भाषाभाषीहरूको देशमा पहिचानको नाउँमा कुनै एक जनजाति या भाषाभाषीहरूको आधारमा जातीय प्रदेशको नामकरण गर्ने विचार सही होइन । जातीय राज्य या जातीय प्रदेश नेपालको निम्ति उपयुक्त छैन । पहिले अस्वीकृत गरिसकेको जातीय प्रदेशको आवाजलाई केही पहिचानवादीहरूले फेरि ब्युँताउने प्रयास गरिरहेका छन् । संविधानसभाको निर्वाचनताका यो जातीय नारा माओवादीले उठाएको थियो; जातीय नारा उठाएर जनमत बटुल्ने काम गरेको थियो; त्यसको सर्वत्र विरोध भएको थियो । जातीय राज्य या जातीय प्रदेशको नामकरण गरेर कुनै जनजातिको हित हुने होइन; नामकरणले कुनै जनजातिको जीवन सुनिश्चित हुने होइन, काममामको व्यवस्था हुने होइन । तर पनि आफूलाई पहिचानवादी भन्नेहरू जनजातिको आधारमा प्रदेशको नामकरण गर्न किन अघि सरिरहेका छन् ?

नेपाल मजदुर किसान पार्टीले २०४८ सालदेखि नै देशको सामाजिक परिवर्तन, आर्थिक विकास, जनजाति, भाषाभाषी एवं दुर्गम र सुगम क्षेत्रका जनताको भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र संवर्द्धनको निम्ति स्थानीय तहलाई विकेन्द्रीकरण र स्वायत्तताको अधिकार दिनुपर्नेमा जोड दिँदै आएको हो । शासक दलहरूले नेमकिपाको यो विचारलाई बेवास्ता गरेको कारण जातजाति र भाषाभाषीको कुरा उठाइयो । आत्मनिर्णयको अधिकारसहितको सङ्घ राज्यले देशमा जातीय, भाषिक र साम्प्रदायिक भावना फैलिने छ र द्वन्द्व बढेर देशमा जहिल्यै हिंसात्मक उपद्रवहरू भइरहने सम्भावना हुन्छ । यस्तो सम्भावनालाई ध्यान दिएर नै नेमकिपाले भूगोल, प्राकृतिक स्रोत र साधनको आधारमा प्रदेशको विभाजन गर्नुपर्ने कुरा उठाएको हो । संविधानसभाको निर्वाचनको बेला नेमकिपाले हरेक प्रदेशले हिमाल, पहाड र तराई पाउने गरी भूगोल वा नदीले कोरेको साँधअनुसार प्रदेश विभाजन गर्नुपर्ने प्रस्ताव अघि सारेको थियो । त्यसरी प्रदेश विभाजन गर्दा सबै जातजाति र भाषाभाषीहरूले ठाउँ पाउनेछन् ।

कुनै एक जनजातिको नामकरण गर्दा अरु जनजातिहरू मर्कामा पर्छन् । बरु देशमा सबै जनजातिहरूको हित हुने खालका नीति, नियम तयार गर्न र गराउन जोड दिनुपर्ने हो । कुनै पनि देशको भाषा, कला र संस्कृति देशको राष्ट्रिय सम्पत्ति हुन्छ । कुनै जनजातिको नामकरण हुनेबित्तिकै त्यस जातको संरक्षण हुने र विस्तार हुने होइन । विभिन्न जनजाति र भाषाभाषीहरूको हितको निम्ति तिनीहरूको आफ्नै भाषामा शिक्षा प्राप्त गर्ने, तिनीहरूको भाषा, साहित्य, कला र संस्कृतिको विकास गर्न सम्बन्धित भाषा र जनजातिको प्रज्ञाप्रतिष्ठान वा आयोग स्थापना गराउनेतर्फ जोड दिनु आवश्यक छ । यसको लागि विकेन्द्रीकरणको सिद्धान्तको आधारमा स्थानीय तहलाई स्वायत्तता प्रदान गर्नु आवश्यक छ । व्यवहारिकरूपमा स्थानीय तहलाई अधिकार सम्पन्न नगरी, स्थानीय जनतालाई आफ्नो शासनमा सहभागी नबनाई देशको विकास बस्ती बस्तीमा पुग्ने छैन ।

जातीय राज्य र जनजातिको नाममा प्रदेशको नामकरण हुनुपर्ने माग देश र जनताको हितमा छैन । जनजाति जनजातिबिच भिडाउने या बढाउने काम राज्यले गर्नुहुँदैन । देश र जनतालाई दूरगामी असर पर्ने, जनता जनता भिडाएर दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्ने काम गर्ने दलदेखि जनता सचेत हुनुपर्छ । जातीय राज्य हेर्दा उपयुक्त जस्तो देखिए पनि त्यो जनजाति जनजातिबिच झगडा गराउने मन्द विष हो । त्यस्तै मन्द विष फैलाएर पुँजीपतिवर्गले जहिल्यै शासन गर्ने प्रयास गरिरहेको हुन्छ । यस्तो अवसर न्यायप्रेमी जनताले किन दिने ? नेपाली नेपाली जुधाएर शासन लम्ब्याउने कुनै समूहको जालमा हामी फस्नु हुँदैन; त्यसको पछि लाग्नु हुँदैन । यसकारण, जनतामा राजनीतिक चेतना जगाउनुपर्छ; जनताको सांस्कृतिक स्तर उठाउनुपर्छ । जनता सुसूचित नभएसम्म देशका सामन्त, पुँजीपति, जालीफटाहा, प्रतिक्रियावादी, जमिनदार, अपराधीहरूले अनेक जालहरू फ्याकिरहेका हुन्छन्; त्यही जालमा हामी चालै नपाइकन फसिरहेका हुन्छौँ । यसकारण, व्यापक नेपाली जनता सतर्क हुनुपर्छ । देशका न्यायप्रेमी जनता गलत विचारको विरोधमा जुट्नुपर्छ । न्याय र समानताको पक्षमा आवाज बुलन्द गर्नुपर्छ ।

# "हाम्रा मूर्त र अमूर्त सम्पदाहरू देशकै अमूल्य सम्पत्ति हुन्"

✍ सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

**भक्तपुर नगरपालिकाले इतिहास, संस्कृतिसँगै राजनीतिक शास्त्र, भूगोल, नेपालभाषा, अर्थशास्त्र, दर्शन शास्त्रलगायत पढ्ने नगरवासी विद्यार्थीहरूको लागि स्नातकदेखि विद्यावारिधिसम्म पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको छ । इतिहास संस्कृतिलगायत देशको लागि विभिन्न विषयका विज्ञ जनशक्ति तयार गर्ने उद्देश्यले नगरपालिकाले यस्ता छात्रवृत्तिको व्यवस्था गर्दै आएको हो ।**




सांस्कृतिक नगर, जीवित सङ्ग्रहालयको उपमा पाएको भक्तपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालयको सहयोगमा इतिहास, संस्कृति र पर्यटनसम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न पाउँदा हामी अत्यन्त खुसी छौँ ।

वैशाख ४ गतेका दिन त्रिविवि इतिहास, संस्कृति विभागका प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाको नेतृत्वमा केही प्राध्यापकहरू नगरपालिकामा आउनुभयो । भेटघाटमा उहाँहरूले इतिहास, संस्कृति र पर्यटनसम्बन्धी एकदिने अन्तरक्रिया गर्ने प्रस्ताव राख्नुभयो । कार्यक्रममा भक्तपुरका विषयमा अध्ययन र अनुसन्धानका कार्यपत्रहरू प्रस्तुत गर्ने बताउनुभयो । हामीले त्यसलाई सकारात्मकरूपमा लियौँ । हामीले ३/४ महिनाको समय लिएर गहन अनुसन्धान पछिमात्रै कार्यक्रम राख्ने सोचले कुराकानी गर्यौँ । उहाँहरूले भने वैशाख महिनाभित्रै गर्न पाए राम्रो हुने विचार राख्नुभयो । दुवै पक्षको सहमतिमा आजको यो कार्यक्रम सम्भव भएको हो ।

भक्तपुर नगरपालिकाले इतिहास, संस्कृतिसँगै राजनीतिक शास्त्र, भूगोल, नेपालभाषा, अर्थशास्त्र, दर्शन शास्त्रलगायत पढ्ने नगरवासी विद्यार्थीहरूको लागि स्नातकदेखि विद्यावारिधिसम्म पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको छ । इतिहास संस्कृतिलगायत देशको लागि विभिन्न विषयका विज्ञ जनशक्ति तयार गर्ने उद्देश्यले नगरपालिकाले यस्ता छात्रवृत्तिको व्यवस्था गर्दै आएको हो ।

केही वर्षअघि एउटा दैनिक पत्रिकाले मुख पृष्ठमा एउटा समाचार छाप्यो, "विश्वविद्यालयमा इतिहास र संस्कृति विषयमा प्राध्यापकभन्दा विद्यार्थी कम छन् ।" हाम्रो ध्यान त्यसले तान्यो । नेमकिपाका अध्यक्षले इतिहास, संस्कृति, भूगोलजस्ता विषयमा जनशक्ति तयार गर्न हामीलाई निर्देशन दिनुभएको थियो । त्यही वर्ष भक्तपुर नगरपालिकाले विद्यार्थीहरूलाई छात्रवृत्तिमा पढाउने क्रम सुरु गरेको हो । नगरपालिकाको छात्रवृत्तिमा अहिले विभिन्न विषयमा ८ जनाले एमफील र विद्यावारिधि गरिरहेका छन् भने थुप्रैले स्नातक र स्नातकोत्तर गर्दै छन् ।

छात्रवृत्तिमा अध्ययन गरिरहेकालाई भक्तपुरको कुनै न कुनै विषयमा अध्ययन अनुसन्धानको जिम्मेवारी दिने गरेका छौँ । अहिले पनि २/३ जना विद्यार्थीहरूले विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न निवेदन प्रस्तुत गरेका छन् । त्यसबारे छलफल गरी निर्णय गर्न भने बाँकी छ ।
उहाँहरूले अध्ययन अनुसन्धान गरी तयार गरेका सोधपत्रहरू भक्तपुर नगरपालिकाको मात्रै होइन देशकै सम्पत्ति बन्नेछन् । हामीले त्यसलाई सुरक्षित राख्नेमात्र होइन सम्भव भएसम्म प्रकाशित गरेर जनतालाई जानकारी दिने पनि कोसिस गर्नेछौँ ।

भक्तपुर नगरपालिका देशकै सानो नगरमध्ये एक हो । आकारमा सानो भए पनि ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्व बोकेका मूर्त र अमूर्त सम्पदाहरूको दृष्टिमा भने भक्तपुर देशकै महत्त्वपूर्ण नगर हो । यहाँ थुप्रै मूर्त तथा अमूर्त सम्पदाहरू छन् । संरक्षणको अभावमा कैयौँ सम्पदाहरू लोप भइसके भने कैयौँ लोपोन्मुख अवस्थामा पुगेका छन् । लोप भइसकेका सम्पदा र संस्कृतिहरूको अध्ययन अनुसन्धान गरी जीवन्तता दिने तथा लोपोन्मुखलाई संरक्षण गरी निरन्तरता दिने कार्य नगरपालिकाले गर्दै आएको छ । सम्पदा र संस्कृतिहरू राज्यको सम्पत्ति भएको हुँदा त्यसको संरक्षण र संवर्द्धन गर्ने कार्य पनि राज्यकै जिम्मेवारी हो भन्नेमा हामी स्पष्ट छौँ ।

**शैक्षिक क्षेत्रको विकासको लागि भनपाले शैक्षिक ऋणको पनि व्यवस्था गरेको छ । हाल करिब ६ सय जना विद्यार्थीहरूले नगरपालिकाबाट रु. ५ लाखका दरले शैक्षिक ऋण लिएर उच्च शिक्षा हासिल गरिरहेका छन् । शिशु स्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म स्थानीय तहले नै शैक्षिक संस्थाहरू सञ्चालन गर्ने भक्तपुर देशकै एकमात्र नगरपालिका हो । विश्वविद्यालय सञ्चालनको लागि पनि हामीले तयारी गरिरहेका छौँ । संसद्मा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक पारित भएमा हामीले अरु विषयहरूजस्तै चिकित्सा शिक्षा पनि सस्तोमा प्रदान गर्नेछौँ । हामीले नेपाल मजदुर किसान पार्टीको सिद्धान्तलाई व्यवहारमा उतार्ने कोसिस गर्दै छौँ ।**

२०७२ सालको भूकम्पले भक्तपुरका हजारौँ निजी घरहरूसँगै सयौँ सम्पदाहरूमा क्षतिग्रस्त भयो । त्यति बेला स्थानीय तहमा जनप्रतिनिधिहरू थिएनन् । २०७४ सालमा हामी निर्वाचित भएपछि सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर काम सुरु गर्यौँ । सम्पदा पुन:निर्माण र जीर्णोद्धारको क्रममा स्थानीय स्रोत, साधन, सीप र जनशक्तिको अधिकतम उपयोगको नीति लियौँ । पहिलो ५ वर्षे कार्यकालमा १२४ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गर्यौँ । ती सम्पदाहरू पुन:निर्माणमा कुनै पनि विदेशीको सहयोग थिएन । स्थानीय जनतासँग मिलेर आर्थिक सहयोग, श्रमदान जुटाएर काम गर्यौँ । भक्तपुरका सम्पदाहरू स्थानीय जनताको साथ र सहयोगले उठाउन पाउँदा हामीलाई गर्वको महसुस भइरहेको छ । अझै दर्जनौँ सम्पदाहरू निर्माणाधीन अवस्थामा छन् । वैशाख २४ गते भक्तपुरको ऐतिहासिक थंथु दरबार पुन:निर्माणको शिलान्यास गर्यौँ । त्यस दरबार निर्माणको लागि पनि नेपाल सरकारबाट कुनै किसिमको सहयोग प्राप्त भएको छैन । नगरपालिकाको आफ्नै स्रोत र साधनहरूको आधारमा उक्त दरबार बनाउन सुरु गरेका छौँ ।

भक्तपुरका थुप्रै सम्पदा र संस्कृतिका विषयहरूकाबारे अध्ययन, अनुसन्धान र उत्खनन गर्न बाँकी छन् । ९९ चोक, जगन्नाथ क्षेत्र, तालादम्फो, टोल-टोलमा रहेका चोकहरू, साँझ्याहरू, ढुङ्गेधारा, पोखरी, पाटी, सत्तल आदि अनुसन्धानका क्षेत्रहरू हुन् । भक्तपुरका विहारहरू, माटाका भाँडा बनाउने सीप र विभिन्न सङ्गीतबारे अध्ययन अनुसन्धान गर्न सके नयाँ नयाँ कुराहरू पत्ता लाग्ने हाम्रो विश्वास छ ।

केही समयअगाडि दरबार क्षेत्रस्थित विद्यार्थी निकेतन माविमा पानी ट्याङ्की निर्माणको क्रममा पुरानो दरबारको जग भेटियो । त्यसलाई सुरक्षित साथ राखिएको छ । त्यो क्षेत्र अध्ययन अनुसन्धान गर्नुपर्ने क्षेत्र हो । यसरी भक्तपुरमा अध्ययनका विषयहरू धेरै छन् । हामी क्रमश: त्यसलाई अनुसन्धानतर्फ अगाडि बढाउने छौँ ।

भक्तपुर नगरपालिकाले संस्कृति संरक्षणमात्र गरेको छैन, त्यसलाई पर्यटनको विकाससँग पनि जोड्ने प्रयास गरिरहेको छ । अहिले नेपाल आउने पर्यटकहरूमध्ये करिब २५ प्रतिशतले भक्तपुर भ्रमण गर्ने गरेको तथ्याङ्क छ । आ.व. २०८०/८१ को यो ९ महिनामा २ लाखभन्दा बढीले भक्तपुर भ्रमण गरिसकेका छन् । पर्यटन शुल्कबाट उठेको रकमबाट भनपाले सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माणलगायतको क्षेत्रमा खर्च गरिरहेको छ ।

भनपाले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरूमार्फत उच्च शिक्षा प्रदान गरिरहेको छ । ती शैक्षिक संस्थाहरूमा हाल ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् ।

शैक्षिक क्षेत्रको विकासको लागि भनपाले शैक्षिक ऋणको पनि व्यवस्था गरेको छ । हाल करिब ६ सय जना विद्यार्थीहरूले नगरपालिकाबाट रु. ५ लाखका दरले शैक्षिक ऋण लिएर उच्च शिक्षा हासिल गरिरहेका छन् । शिशु स्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म स्थानीय तहले नै शैक्षिक संस्थाहरू सञ्चालन गर्ने भक्तपुर देशकै एकमात्र नगरपालिका हो । विश्वविद्यालय सञ्चालनको लागि पनि हामीले तयारी गरिरहेका छौँ । संसद्मा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक पारित भएमा हामीले अरु विषयहरूजस्तै चिकित्सा शिक्षा पनि सस्तोमा प्रदान गर्नेछौँ । हामीले नेपाल मजदुर किसान पार्टीको सिद्धान्तलाई व्यवहारमा उतार्ने कोसिस गर्दै छौँ ।

सम्पदा पुन:निर्माणको काममा विदेशीले सहयोग गर्न नखोजेका भने होइनन् । २०७२ सालपछि नेपाल सरकार र जर्मन सरकारबिच भक्तपुर पुन:निर्माणको लागि १ अर्ब २० करोड (१ करोड युरो) सहयोग सम्झौता भएको थियो । हामी निर्वाचित भएपछि गम्भीरतापूर्वक सम्झौताका पानाहरू अध्ययन गर्यौँ । त्यसमा हाम्रो स्वाभिमानमा आँच पुग्ने बुँदाहरू थिए । हामीले त्यसलाई सुधार गर्नुपर्ने तर्क राख्यौँ । उहाँहरू तयार हुनुभएन । त्यसपछि हामीले स्वीकार गरेनौँ । अहिले हाम्रै पौरखले पुन:निर्माण गरेको भनेर गर्वका साथ संसारलाई देखाउन पाएका छौँ । हामीले आत्मनिर्भरताको बाटो रोजेर अगाडि बढ्ने क्रममा भक्तपुरले आजको सफलता हासिल गरेको हो ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ वैशाख २४ गते ख्वप इन्जिनियरिङ कलेजमा भएको इतिहास, संस्कृति र पर्यटनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# बेलायतका मजदुरहरूको मागपत्रको आन्दोलन

● का. रोहित

**मागपत्रको आन्दोलनमा क्रान्तिकारी र समाजवादी गुटहरू पनि सामेल हुँदै गए । तिनीहरू उत्पादनका साधन र सम्पत्तिमा व्यक्तिगत स्वामित्वको विरोध गर्थे । तेरो मेरो भन्ने कुरो भएसम्म समाजमा दुःख, कष्ट र विरोध बाधा रहिरहने छ भन्ने कुरामा तिनीहरू विश्वास गर्थे । त्यसकारण, तिनीहरू तेरो मेरो भन्ने कुराहरू मेटाउन चाहन्थे । तिनीहरू फ्रान्सेली क्रान्तिकारी ज्याकोबिनहरूजस्तै सशस्त्र सङ्घर्ष गरेर सत्ता हत्याउने पक्षमा थिए । ती गुटहरूका नेता हेनरी थिए । त्यसै गुटले 'उत्तरी तारा' भन्ने एक मुखपत्र निकालेको थियो ।**

सन् १८३२ भन्दा पहिले बेलायतमा सबै पुँजीपतिहरूले पनि चुनावमा मत दिन पाउँदैनथे । पुराना राजा, रजौटा, काजी, ठुला-ठालु, सामन्त र बिर्तावाल (जमिनदार) हरूले मात्रै चुनावमा चुन्न र चुनिन पाउँथे । सामन्तवर्गको प्रतिनिधिसभाले ऐन कानुन बनाउँथ्यो । त्यस ऐन कानुन बनाउने सभामा ठुला-ठालु, राजा, महाराजा, जमिन्दार र सामन्तहरू मात्र रहने हुनाले तिनीहरूले आफ्नो वर्गको मात्र फाइदा हुने ऐन-कानुन बनाउँथे । व्यापारी, कारखानाका मालिक र पुँजीपतिहरूलाई पनि सामन्तहरूले थिचोमिचो गर्दथे । तिनीहरूको व्यापार, कारखाना र पुँजीमाथि कर लगाउँथे वा अनेक वाधाहरू दिन्थे । पुँजीपतिवर्गसँग राजा, महाराजा, सामन्त, वडा हाकिम र अरु कर्मचारीहरूले घुस लिएर मात्रै काम गर्थे । घुस, सलामी, कर, भेटी-कोसेली र नाफाको हिस्सा दिँदा पुँजीपतिहरूको नाफा कम हुन्थ्यो । त्यसकारण, पुँजीपतिवर्ग पनि प्रतिनिधिसभा या संसद्मा आफ्नो मान्छे चुनेर पठाई आफ्नो पक्षको ऐन बनाउन चाहन्थे । आफ्नो प्रतिनिधिले आफ्नो पिर-मर्काबारे संसद्मा भन्दथ्यो र आफूलाई फाइदा हुने ऐन कानुन बनाउँथ्यो ।

पुँजीपतिवर्ग झन्झन् धनी हुँदै थियो । तिनीहरूले गाउँ र सहरमा थुप्रै ज्यामीहरू आफ्ना काममा लगाएका थिए । ज्यामीहरूलाई हातमा लिएर पुँजीपतिवर्गले संसद्मा आफ्नो प्रतिनिधि पठाउन पाउनुपर्छ भन्ने माग गर्न थाले । पुँजीपतिवर्गले चुनावमा भाग लिन पाउनुपर्छ भनेर ठुलठुला आन्दोलन गर्न थाले । त्यस आन्दोलनमा पुँजीपतिवर्गलाई मजदुर र किसानहरूले मद्दत दिएका थिए । त्यसको फलस्वरूप १८३२ मा बेलायतमा चुनावको नियमावलीमा सुधार भयो । पुँजीपतिवर्गले चुनावमा भाग लिन पायो । आफ्नो पक्षको प्रतिनिधि संसद्मा पठाएर आफ्नो पक्षको ऐन कानुन बनाउन थाले । सामन्त र पुँजीपतिवर्ग सम्पत्तिवाल वर्ग भएकाले दुवै मिल्न पुगे । मजदुर र किसानहरूलाई तिनीहरूको दाँजोमा राखेनन् ।

मजदुरहरूले के देखे भने पुँजीपतिवर्गले चुनावमा भाग लिएर संसद्मा आफ्नो प्रतिनिधि पठाएका थिए । पुँजीपतिवर्गको पक्षमा ऐन कानुन बन्न थाल्यो । पुँजीपतिवर्गलाई फाइदा भयो । त्यस कुरालाई हेरेर मजदुरवर्गले पनि आफ्नो प्रतिनिधि संसद्मा पठाउनुपर्छ अनि आफ्नो दुःख कष्ट हट्छ भन्ठाने । तर, त्यसबेला मजदुरवर्गलाई के थाहा थिएन भने पुँजीपतिवर्गलाई जस्तै मजदुरवर्गले त्यो अधिकार सजिलोसित पाउँदैन र चुनावमा भाग लिन पाए पनि आफ्नो प्रतिनिधि संसद्मा पुऱ्याउन गाऱ्हो हुन्छ, साथै संसद्मा मजदुर प्रतिनिधि पुगेपनि अरु सामन्त र पुँजीपतिवर्गले मजदुरवर्गको कुरामा ध्यान दिनेछैन ।

मजदुरवर्गले यस्तो गुह्य कुरो थाहा नपाउनाले मजदुरहरूले चुनावमा नियम हेरफेर गराउने विचार गर्न थाल्यो । यसको निम्ति १८३५ मा मजदुरहरूको एक ठुलो सभा भयो । सभामा मजदुरहरूले पनि चुनावमा भाग लिन पाउनु पर्दछ र भइरहेको चुनाव नियम फेरिनुपर्छ भनेर माग गर्न थाले । त्यस मागलाई लिएर मजदुरहरूले सङ्गठन, सभा र प्रदर्शनहरू गर्न थाले । पर्चा र कागतहरू टाँस्न थाले । यसरी मागपत्रको आन्दोलन सुरु भयो ।

सन् १८३६ मा बेलायतको सबै सम्पत्ति केही ठुला बडा पुँजीपतिवर्गहरूको हातमा पुगिसकेको थियो । जनतासँग माल सामान किन्न पैसा थिएन । पुँजीपतिवर्गको मालसामान बिकेन । मालसामान नबिक्दा कारखानाले मालसामान तयार गर्न छाड्यो । मालसामान तयार नगदा मजदुरवर्गले काम पाएनन्, काम नपाएपछि ज्याला पाएन । ज्याला नपाएपछि भोका नाङ्गा बढ्न थाले । पसलका माल सामान पनि झन् बिक्न छोड्यो । कारखानामा काम बन्द भएपछि ऊन, कपास, छाला जस्ता काँचो माल सामान पनि बिकेन । काँचो वस्तु पनि बिक्री नहुँदा किसान र गाउँमा समेत त्यसको असर पर्न गयो । हुँदा हुँदा सारा बेलायतमा हाहाकार मच्च थाल्यो । यस्तो परिस्थितिलाई आर्थिक सङ्कट भनिन्छ । पुँजीवादी समाजमा सालाखाला १० वर्षको एकचोटि यस्तो सङ्कट आइलाग्छ । मजदुरहरूको बेकारी अवस्था साह्रै खराब हुँदै गयो । अनि मजदुरहरूले आफ्नो स्थिति सरकारलाई बताउन ऐनकानुन बनाउने संसद्मा प्रतिनिधि पठाउनुपर्छ भन्ने कुरो मनमा लिन थाले । संसद्मा मजदुर प्रतिनिधि पठाउन चुनाव नियम बदल्नु पर्दथ्यो । १८३७ मा त्यसबारे मजदुरहरूको माझमा कुराकानी सुरु भयो ।

सन् १८४० को गर्मी महिनामा मेनचेस्टर भन्ने ठाउँमा बेलायती मजदुरहरूको एक बैठक बस्यो । मजदुरहरूको त्यस बैठकले एक मागपत्र तयार गर्यो । त्यसमा उमेर पुगेका सबै नागरिकहरूले चुनावमा भाग लिन पाउनुपर्दछ भनेर लेखिएको थियो । अङ्ग्रेजी भाषामा 'मागपत्र' लाई 'चार्टर' भनिन्थ्यो । भनिन्छ १८३९-४० मै १२ लाख मानिसले त्यसमा हस्ताक्षर गरेका थिए ।

यसकारण त्यो माग गर्नेहरूको एक 'चार्टिस्ट सङ्घ' अथवा 'राष्ट्रिय चार्टर सङ्घ' बन्यो । देशभरि त्यस सङ्घका सदस्यहरू बनाउन थालियो । त्यस सङ्घको उद्देश्य मान्ने र त्यसलाई चन्दा दिने सबै नागरिक त्यसका सदस्य बन्न सक्थे । त्यसमा कुनै कडा नियम र अनुशासन थिएन । हेरेक सहर र कारखानाहरूमा त्यसको सङ्घ वा शाखाहरू खुल्न थाल्यो ।

सन् १८३२ मा सबै पुँजीपतिवर्गले चुनावमा भाग लिन पाए पछि तिनीहरूले बेकारीहरू (काम गर्ने घर) को ऐन पास गराएको थियो । त्यस ऐनले बेकारी मजदुरलाई एक जेल जस्तो ठाउँमा राखेको थियो । तिनीहरूले जहाज तान्ने ठुलठुला मोटा र लामालामा डोरीहरू बाट्न पर्दथ्यो । तिनीहरूलाई जेलका बन्दीहरूलाई जस्तै एउटै किसिमका लुगा लगाउन दिइन्थ्यो । लोग्नेमानिस र स्वास्नीमानिसहरू अलगअलग ठाउँमा राखिन्थ्यो । डोरी बाट्दा तिनीहरूको हातका औलाहरू खिइएर भल भलती रगत बग्थ्यो । डोरी बाटेन भने सरकारी मान्छे, जाँचकीले कोर्रले हानेर सासना दिन्थ्यो । कामदारहरूले 'गरिबी दर' भनेर ज्यालाभन्दा साह्रै कम पैसा पाउँथे । त्यस्ता चार्टिष्टहरू विन्तिपत्र संसद्तर्फ लान्दै घरहरूलाई 'कामदारहरूको किल्ला' भनिन्थ्यो । मजदुरहरू त्यस काम गर्ने घरको बन्दोबस्तलाई अपमान गर्ने र यातना दिने घर सम्झन्थे ।

सन् १८४२ मा बेलायतलाई फेरि एक औद्योगिक सङ्कटले अँठ्यायो । मजदुरहरूको स्थिति झन् झन् खराब हुँदै गयो । त्यसकारण, मजदुरहरूले एक नयाँ 'मागपत्र' तयार गरे । त्यसमा उमेर पुगेका सबै मजदुर जनताले पनि चुनावमा भागलिन पाउनुपर्छ भनेर माग गरेका थिए । ज्याला बढाउने र मजदुरहरूलाई सहुलियत दिनु पर्दछ भनेर लेखिएको थियो । त्यसबेला मजदुरहरूलाई कारखानामा १८ घण्टासम्म काम गराइन्थ्यो । यसकारण, मागपत्रमा मजदुरहरूलाई एक निश्चित समय वा घण्टा काम तोक्नु पर्दछ, गरिबी ऐन र 'कामको घर' खतम गरिदिनु पर्दछ, खेती मजदुरहरूले पनि बढी ज्याला पाउनु पर्दछ भनेर माग गरिएको थियो ।

सन् १८४२ मई महिनामा सङ्कट झन् चर्कियो । बेकारी झन्झन् बढ्दै गइरहेको थियो । मजदुरहरूमा झन्झन् असन्तोष बढ्दै गइरहेको थियो । आन्दोलनकारीहरूले मागपत्रमा ३० लाख मानिसहरूको सही छाप गराए । त्यस मागपत्रलाई संसद्मा पेस गर्न लगियो । सही छाप भएको त्यस मागपत्र एउटा ठुलो बाकसमा राखिएको थियो । त्यस बाकसलाई २० जवान मानिसहरूले बोकेका थिए । हजारौं मजदुरहरू त्यसको पछि पछि जुलुसको रूपमा गएका थिए । तर, संसद्ले त्यस मागपत्रलाई स्वीकार गरेन । सामन्त र पुँजीपतिवर्गका प्रतिनिधिहरूले भरिएको त्यस संसद्ले मजदुरहरूको मागपत्रलाई लत्याइदिए । मजदुरहरूले त्यसको विरोधमा एउटा ठुलो हडतालको आयोजना गरे । देशभरि हडताल भयो । त्यो हड्तालको सिलसिला एक महिनासम्म चल्यो । यसकारण त्यसलाई 'पवित्र महिना' भन्ने चलन छ । शोषकवर्गले हड्ताल सफल हुन नदिन अनेक जालझेल गरे । हडताल शोषकवर्गको विरोधमा एक हाँक थियो । तर, सामन्त र पुँजीपतिवर्गको सरकारले हडताल गर्ने मजदुरहरूलाई पक्राउ गर्यो र जेलमा थुन्यो । मजदुर सङ्गठनकर्ताहरूमाथि मुद्दा चलायो । पछि विस्तारै मागपत्रको आन्दोलन सेलाउन थाल्यो ।

### असफलताको कारण

सन् १८४० देखि १८४२ सम्म मागपत्रको आन्दोलन उठ्दै गयो । तर, १८४२ को मई आन्दोलनपछि त्यो दबिदै गयो । आन्दोलनलाई दरो क्रान्तिकारी सर्वहारावर्गले नेतृत्व गरेको थिएन । यसको निश्चित कार्यक्रम थिएन । राजनैतिक अनुभवको कमी थियो । मागपत्रको सङ्घमा विभिन्न प्रकारका विचारधाराका मानिसहरू थिए । यिनै त्यसको असफलताका कारण थिए । आन्दोलनकारीहरू दुई ठुला गुटमा विभाजित थियो । एक गुटलाई 'नैतिक शक्ति' र अर्कोलाई 'भौतिक शक्ति' भनिन्थ्यो । बोलचाली भाषामा ती दुई गुट 'नरम दल' र 'गरम दल' मा बाँडिएको थियो ।

'नैतिक शक्ति' भनिने आन्दोलनकारीहरू सङ्घर्षलाई शान्तिपूर्वक चलाउन चाहन्थे । तिनीहरू पुँजीपतिवर्गसँग मिल्न चाहन्थे । तिनीहरू आन्दोलनलाई जुलुस, पर्चा छर्ने, कागज टाँस्ने, संसद्मा दर्खास्त दिने र बिन्तिपत्र चढाउने जस्ता तरिकासम्म मात्र सीमित राख्न चाहन्थे । त्यसका मुख्य नेता विलियम लोभेट भन्ने थिए । उनी लण्डन मजदुर सङ्गठनका एक नेता थिए । उनी सशस्त्र सङ्घर्षको पक्षमा थिएनन् । उनी शान्तिपूर्वक सङ्घर्षले माग पूरा गर्न चाहन्थे र त्यसमै विश्वास राख्थे । त्यसकारण त्यस गुटलाई 'नैतिक शक्ति' वा 'नरम दल' भनिन्थ्यो ।

अर्को गुटलाई 'भौतिक शक्ति' भनिन्थ्यो । तिनीहरू सशस्त्र शक्तिले मात्र माग पूरा गराउन सकिन्छ भन्ने पक्षमा थिए । त्यस गुटका मुख्य समर्थक वा नेता फर्गस ओकोनोर भन्ने थिए । उनी इरिस या आयरी जातिका एक वकिल थिए । सबै उपाय असफल भएपछि सशस्त्र विद्रोह नै अन्तिम उपाय बाँकी रहने छ भनेर उनी भन्थे ।

जनतामा उनको ठुलो प्रभाव थियो । उनी शक्तिमा विश्वास गर्ने भएकोले उनको गुटलाई 'भौतिक शक्ति' वा 'गरम दल' भनिन्थ्यो ।

ओकोनोर एक खाइलाग्दा मानिस थिए । अग्लो, हट्टाकट्टा र लडाकु थिए । उनी साह्रै मेहनती र नथाक्ने सङ्गठनकर्ता थिए । तर उनी सम्पत्तिलाई निर्मूल गर्ने पक्षमा थिएनन् । उनी सानो घर, केही जग्गा, राम्रो आम्दानी, ठीकको धन राख्न दिने कुरामा विश्वास गर्थे । मागहरू पूरा गर्न 'भौतिक शक्ति' वा सशस्त्र सङ्घर्षमा विश्वास भए पनि उनको विचार भने सानो पुँजीपतिको जस्तो थियो । मागपत्र सङ्घमा यस्तै अनेक गुटहरू थिए जसले गर्दा आन्दोलनले एक निश्चित बाटो लिन सकेन । 'उत्तरी तारा' भन्ने तिनीहरूको मुखपत्र थियो । त्यसका सम्पादक जुलियन हार्ने थिए । तर, त्यसका निर्देशक चाहिँ ओकोनोर नै थिए ।


मागपत्रको आन्दोलनमा क्रान्तिकारी र समाजवादी गुटहरू पनि सामेल हुँदै गए । तिनीहरू उत्पादनका साधन र सम्पत्तिमा व्यक्तिगत स्वामित्वको विरोध गर्थे । तेरो मेरो भन्ने कुरो भएसम्म समाजमा दुःख, कष्ट र विरोध बाधा रहिरहने छ भन्ने कुरामा तिनीहरू विश्वास गर्थे । त्यसकारण, तिनीहरू तेरो मेरो भन्ने कुराहरू मेटाउन चाहन्थे । तिनीहरू फ्रान्सेली क्रान्तिकारी ज्याकोबिनहरूजस्तै सशस्त्र सङ्घर्ष गरेर सत्ता हत्याउने पक्षमा थिए । ती गुटहरूका नेता हेनरी थिए । त्यसै गुटले 'उत्तरी तारा' भन्ने एक मुखपत्र निकालेको थियो ।

गरम दलका नेता ओकोनोर मजदुरहरूलाई अलि अलि स-साना जग्गा वितरण गर्न र त्यसमा बसोबास गराउन चाहन्थे । त्यस जग्गामा बस्ने मजदुरहरूको सङ्घ बनाउन चाहन्थे । त्यसैबाट उनी समस्या सुल्झाउन चाहन्थे, त्यो सोचाइ वास्तवमा अव्यावहारिक थियो ।

त्यसकारण, १८४२ को मागपत्रको आन्दोलन सेलाएपछि हेनरी र अरु समाजवादी विचार राख्ने मजदुरहरूले ओकोनोरका विचारलाई त्यागे । पछि तिनीहरू मार्क्स र एङ्गेल्सका समर्थक भए । हेनरी र अरु समाजवादीहरू जग्गालाई राज्यको सम्पत्ति गर्नुपर्छ भन्ने पक्षमा थिए । कारखानाहरूमा काम गर्ने समय ८ घण्टाको हुनुपर्छ, केटाकेटीहरूको श्रममा रोक लगाउनुपर्छ, मजदुरहरूको ज्याला बढाउनुपर्छ र तिनीहरूले अरु पनि सुविधा पाउनुपर्छ भन्ने माग गर्न थाले ।

मागपत्रका आन्दोलनकारीहरूले आफ्ना मागहरूलाई जनतासम्म पुऱ्याउन अनेक उपायहरू गरेका थिए । तिनीहरू राति राति चिरागहरू बाल्दै जुलुस र जनसभाहरू गर्थे । तिनीहरूको भाषण सुन्न मजदुरहरू ठुलो सङ्ख्यामा जम्मा हुन्थे । आन्दोलनकारीहरूले मजदुरहरूको मागहरूलाई लिएर कविता र गीतहरू गाएर टोल टोल र गाउँ गाउँमा समेत पुग्थे । त्यस प्रकार त्यो आन्दोलनका मागहरू जनताका मागहरूको रूपमा लोकप्रिय बनाइएको थियो ।

***-'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू'बाट***



चार्टिस्टहरू बिन्तिपत्र संसदतर्फ लाँदै



७६ औँ वार्षिक नक्बा दिवसको स्मरणमा उत्तरी इजरायलको शेफा अम्र सहरको बाहिरी क्षेत्रमा प्यालेस्टिनी झन्डासहित मार्च गर्दै अरब इजरायली जनता मे १४, २०२४ का दिन । १९४८ मा औपचारिकरूपमा इजरायलको स्थापना गर्न बेलायती र अमेरिकी सेनाको प्रत्यक्ष सहयोगमा प्यालेस्टिनी जनतामाथि यहुदी सेनाले मच्चाएको आक्रमण र विपत्तिको स्मरणमा हरेक वर्ष मे १५ को दिनलाई प्यालेस्टिनी जनताले नक्बा (महाविपत्ति) को दिनको रूपमा स्मरण गर्ने गरेका छन् ।

*तस्बिर : अहमद घराब्ली/एएफपी*

# विषादीको बढ्दो प्रयोगप्रति 'एफएओ' चिन्तित

गेबोरोन (बोत्स्वाना), १४ मे (सिन्ह्वा) । बोत्सवानामा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले कीरा, झार र रोगहरू व्यवस्थापन गर्न कीटनाशकहरूको व्यापक प्रयोगले इकोसिस्टम स्वास्थ्यका लागि आवश्यक प्रजातिहरूलाई हानि पुऱ्याउन सक्ने चिन्ता व्यक्त गरेको छ ।

सोमबार बोत्स्वानाको राजधानी गाबोरोनमा अन्तर्राष्ट्रिय वनस्पति स्वास्थ्य दिवसको उपलक्ष्यमा एफएओका सहायक प्रतिनिधि लेसेडी मोडो-मोपेल्वाले कीरा, झार र अन्य कीराका कारणले हरेक वर्ष ४० प्रतिशतसम्म खाद्यबाली नष्ट हुने बताउनुभयो ।

"यसले अर्थतन्त्रलाई मात्र असर गर्दैन, तर देशको खाद्य र पोषण सुरक्षालाई पनि गम्भीररूपमा असर गर्छ । विशेषगरी धेरैजसो कृषिमा निर्भर ग्रामीण समुदायका कमजोर समूहहरूका लागि असर गर्छ," उहाँले भन्नुभयो ।

मोडो-मेपोल्वाका अनुसार जलवायु परिवर्तन र मानव गतिविधिहरूले पनि बोटबिरुवाको स्वास्थ्यलाई हानि पुऱ्याइरहेको छ र कीरा र रोगहरूका लागि अनुकूल घर बनाइरहेको छ । यसले उनीहरूलाई पहिले नदेखिएका क्षेत्रहरूमा उत्पन्न गराइरहेको छ ।

उहाँले कीटनाशकको प्रयोगले रोगको फैलावट, जोखिममा पर्न सक्ने परागकण, प्राकृतिक कीट शत्रु र स्वस्थ पारिस्थितिकीय प्रणालीका लागि आवश्यक जीवहरूको प्रतिक्रियामा वृद्धि हुन सक्ने बताउनुभयो ।

"त्यसैले फाइटोसेनेटरी उपायका लागि अन्तर्राष्ट्रिय मापदण्डहरूजस्ता विश्वव्यापी सहयोग र अन्तर्राष्ट्रिय मापदण्डहरू प्रवर्द्धन गरेर सिमाना पारी बिरुवाको स्वास्थ्यको रक्षा गर्नु महत्त्वपूर्ण छ," उहाँले भन्नुभयो ।

बोत्सवाना अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महासन्धि (आइपीपीसी) सँग सम्बद्ध छ । यसले विश्वको बोटबिरुवा, कृषि उत्पादनहरू र प्राकृतिक स्रोतहरूलाई बिरुवाको कीटहरूविरुद्ध सुरक्षित गर्न खोज्छ ।

आइपिपिसीले अफ्रिका फाइटोसेनेटरी प्रोग्राम (एपीपी) सिर्जना गरेको छ । यो महादेशको पहिलो फाइटोसेनेटरी कार्यक्रम हो । यसले सबै ५४ अफ्रिकी देशलाई बिरुवाको कीटहरूबाट बच्न र नियन्त्रण गर्न मद्दत गर्ने लक्ष्य राखेको छ ।

एपिपी, एफएओ र अफ्रिकी सङ्घको सहयोगमा लागू गरिएको आइपिपिसी को पाँच वर्षको पहलको उद्देश्य अफ्रिकी राष्ट्रिय वनस्पति संरक्षण सङ्गठन (एनपीपीओ) लाई प्रभावकारीरूपमा निगरानी गर्ने, कुशलतापूर्वक र चाँडै पत्ता लगाउने र अन्ततः र बिरुवाको कीटहरूबाट पुनः प्राप्ति गर्न सशक्त बनाउने रहेको छ । एपीपीको पाइलट चरणमा ११ अफ्रिकी मुलुक सामेल छन् ।

संयुक्त राष्ट्रसङ्घले मे १२ लाई अन्तर्राष्ट्रिय वनस्पति स्वास्थ्य दिवसका रूपमा तोकेको छ । यो आइपीपीसी सचिवालय र एफएओद्वारा आयोजित दिवस हो । यस वर्षको स्मृति दिवस 'बिरुवा स्वास्थ्य, सुरक्षित व्यापार र डिजिटल प्रविधि' भन्ने नाराका साथ मनाइएको थियो ।

# रुसले युक्रेनमा आक्रमण बढाउँदा ५,७०० लाई सुरक्षित स्थानमा सारियो

खार्किभ (रूस), १४ मे ( एएनआई) । युक्रेनमा तनाव बढ्दै जाँदा रुसले खार्किभ क्षेत्रमा आफ्नो स्थल आक्रमण विस्तार गरेको छ । मोर्चालाई फराकिलो बनाउने र युक्रेनको रक्षा फौजलाई दबाब दिने प्रयासमा नयाँ क्षेत्रहरूलाई लक्षित गरी रुसले आक्रमण गरेको अल जजिराले यस क्षेत्रका गभर्नरलाई उद्धृत गर्दै बताएको छ ।

गभर्नर ओलेह सिनिहुबोभले सोमबार टेलिभिजनमा भन्नुभयो, "दुश्मनले जानाजानी यसलाई विस्तार गर्ने उद्देश्यले सानो समूहमा नयाँ दिशामा आक्रमण गर्ने प्रयास गरिरहेको छ ।"

परिस्थितिको गम्भीरतालाई वर्णन गर्दै उहाँले लगभग पाँच हजार सात सय व्यक्तिलाई भोभचान्स्क र वरपरका क्षेत्रहरूबाट निकालिएको तथा बाँकी तीन सयलाई तुरुन्तै निस्कन आग्रह गरिएको बताउनुभयो ।

रूसी सेनाले शुक्रबार खार्किभ सहर नजिकै युक्रेनको सीमा उल्लङ्घन गरेपछि सुरु गरेपछि घुसपैठ सुरु भयो । रुसी सेनाले दुई वर्षदेखि मुख्यरूपमा पूर्व र दक्षिणमा फैलिएको अर्को द्वन्द्वमा उत्तरपूर्वी मोर्चा स्थापना गर्यो । अल जजिराका अनुसार यो रणनीतिक कदमले सम्भावितरूपमा युक्रेनी सेनालाई रुस अघि बढिरहेको पूर्वी क्षेत्रहरूबाट हटाउन सक्छ ।

बढ्दो सङ्कटको प्रतिक्रियामा युक्रेनले ब्रिगेडियर जनरल मिखाइलो द्रापातीलाई खार्किव मोर्चामा अपरेसनको नेतृत्व गर्न नियुक्त गरेको मिडिया आउटलेट आरबीसी-युक्रेनले जनाएको छ । जनरल द्रापातीले यसअघि सन् २०२२ मा रुसी सेनाबाट खेरसन क्षेत्रमा डिनिप्रो नदीको दायाँ किनारको क्षेत्रलाई पुनः प्राप्त गर्न सफल अभियानको नेतृत्व गर्नुभएको थियो ।

गभर्नर सिनिहुबोभले उत्तरपूर्वमा रसियाको बहु-दिशात्मक धक्काबारे प्रकाश पार्दै विशेषरूपमा भोभचान्स्क र लिप्टसी गाउँ नजिकैको प्रगति हासिल गरेको बताउनुभयो । युक्रेनी सेनासँग नजिकबाट जोडिएको डिपस्टेट टेलिग्राम च्यानलले रुसले लगभग एक सय वर्गकिलोमिटर क्षेत्रमा नियन्त्रण प्राप्त गरेको सङ्केत गरेको छ ।

रुसको रणनीतिक लाभलाई स्वीकार गर्दै युक्रेनी सेनाले खार्किभको अवस्थालाई विभिन्न क्षेत्रमा चलिरहेको आक्रमणका साथ 'जटिल र गतिशीलरूपमा परिवर्तन' भएको बताएको छ ।

रुसी सेनालाई रोक्न सफल भए पनि युक्रेनले बढ्दो जोखिमको सामना गरिरहेको बताउँदै गभर्नर सिनिहुबोभले द्वन्द्वले नयाँ बस्तीहरूलाई समेट्ने खतरा रहेको चेतावनी दिनुभयो ।

यसैबिच रुसको रक्षा मन्त्रालयले सेनाले लिप्टसी र भोभचान्स्कजस्ता सीमावर्ती गाउँहरूमा रणनीतिक स्थितिमा सुधार गर्न युक्रेनी जनशक्तिलाई प्रहार गरेको बताएको छ ।

# पेइचिङ भ्रमण गर्दै पुटिन

पेइचिङ, १४ मे (एएफपी) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा यसै हप्ता चीनको भ्रमण गर्ने पेइचिङको विदेश मन्त्रालयले मङ्गलबार जनाएको छ ।

पुटिन बिहीबारदेखि शुक्रबारसम्म पेइचिङ भ्रमणमा रहनुहुने विदेश मन्त्रालयका प्रवक्ता हुआ चुनयिङले बताउनुभयो । रूसी नेताको छ महिनाभन्दा लामो समयमा दोस्रो चीन भ्रमण हो भने मार्चमा राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि पहिलो विदेश भ्रमण हो ।

पश्चिमले आफ्नो सैन्य आक्रमणलाई लिएर अभूतपूर्व प्रतिबन्धहरू लगाएका कारण रूसका लागि चीन एक महत्त्वपूर्ण आर्थिक जीवन रेखाका रूपमा निर्भर रहेको विश्लेषकहरू बताएका छन् ।

पेइचिङले मस्कोसँगको आफ्नो सम्बन्धप्रतिको आलोचनालाई अस्वीकार गरेको छ । उसले 'कुनै सीमा नभएको' साझेदारीको प्रशंसा गरेको छ । चीनले सस्तो रूसी ऊर्जा आयात र पावर अफ साइबेरिया पाइपलाइनमार्फत स्थिर ग्यास ढुवानीसहित विशाल प्राकृतिक स्रोतहरूमा पहुँच प्राप्त गरेको छ ।

चिनियाँ भन्सार तथ्याङ्कअनुसार युक्रेनमा आक्रमणपछि चीन र रुसबिचको व्यापार बढेको छ । यसलाई पेइचिङले कहिले पनि निन्दा गरेको छैन । सन् २०२३ मा यी दुई मुलुकबिचको व्यापार दुई खर्ब ४० अर्बसम्म पुगेको छ ।

यद्यपि, वासिङ्टनले मस्कोलाई सुविधा दिने वित्तीय संस्थाहरूलाई कारबाही गर्ने वाचा गरेपछि वर्षको सुरुमा रुसमा बढेको चिनियाँ निर्यात मार्च र अप्रिलमा घटेको छ ।

विज्ञहरूले यस हप्ताको अत्यधिक प्रतीकात्मक बैठकले 'कुनै सीमा नभएको' साझेदारीको प्रशंसा गरिने र केही सम्झौताहरूमा हस्ताक्षर र व्यापार बढाउने वाचा गर्ने अपेक्षा गरेका छन् ।

विश्लेषकहरूका अनुसार पेइचिङले मस्कोलाई समर्थन गर्न कटिबद्ध भएको रुसी नेतालाई राम्रोसँग थाहा छ । यसलाई विश्लेषकहरूले चिनियाँ नीति निर्माता पश्चिमविरुद्ध महत्त्वपूर्ण पर्खाल र अमेरिकी नेतृत्वको विश्व व्यवस्थाविरुद्धको लडाइँमा महत्त्वपूर्ण सहयोगीका रूपमा हेरेका छन् ।

# यमनमा हैजाको प्रकोप बढ्दै गएको राष्ट्रसङ्घको चेतावनी

संयुक्त राष्ट्रसङ्घ, १४ मे (एएफपी) । संयुक्त राष्ट्रसङ्घले सोमबार युद्धग्रस्त यमनमा हैजाका कारण बिग्रँदै गएको प्रकोपको बारेमा चिन्ता व्यक्त गरेको छ । यसमा मुख्यरूपमा हुथी विद्रोहीद्वारा नियन्त्रित क्षेत्रमा अक्टोबरयता ४० हजारभन्दा बढी संदिग्ध मामिला देखिएका छन् ।

राष्ट्रसङ्घीय मानवीय प्रमुख मार्टिन ग्रिफिथ्सले सुरक्षा परिषदलाई भन्नुभयो, "हामी द्रुतरूपमा बिग्रँदै गएको हैजाको प्रकोपका बारेमा गहिरो चिन्तित छौँ । अहिलेसम्म ४० हजार संदिग्ध मामिला र एक सय ६० भन्दा बढीको मृत्यु भएको रिपोर्ट गरिएको छ । गत महिना हाम्रो अद्यावधिकपछि तीव्र वृद्धि भएको छ । अधिकांश हुथी नियन्त्रित क्षेत्रमा हरेक दिन सयौँ नयाँ मामिला देखिएका छन् ।"

ती क्षेत्रहरूमा अक्टोबरदेखि ३४ हजार संदिग्ध मामिला रिपोर्ट गरिएका छन् । यसको तुलनामा सरकार नियन्त्रित क्षेत्रमा छ हजार संदिग्ध घटनाहरू रिपोर्ट गरिएका छन् ।

ग्रिफिथ्सले कूटनीतिज्ञहरूलाई चेतावनी दिँदै भन्नुभयो, "भारी वर्षा र बाढीले परिस्थितिलाई अझ नराम्रो बनाउने आशङ्का गरिएको छ, विश्व निकाय र यसका साझेदारहरूले यसको प्रसार रोक्न तत्काल कदम चालिरहेका छन् । हामीले परिस्थितिलाई नियन्त्रण बाहिर जानबाट रोक्न योजनालाई द्रुत कोषको आवश्यकता हुनेछ ।"

सन् २०२४ को लागि यमनको लागि राष्ट्रसङ्घीय मानवीय प्रतिक्रिया योजनाको लागत दुई अर्ब ७० करोड डलर अनुमान गरिएको छ । अहिलेसम्म १६ प्रतिशतमात्र वित्त पोषित भएको छ ।

"निष्क्रियताको परिणाम निश्चितरूपमा परिचित छ, हामीले के भुल्नु हुँदैन भने सन् २०१६ र सन् २०२१ को बिचमा यमनमा अधिकांश बालबालिकासहित लगभग चार हजार मानिसले हैजाका कारण ज्यान गुमाउनुपरेको छ," ग्रिफिथ्सले भन्नुभयो ।

सन् २०१४ मा इरान समर्थित हुथीहरूले राजधानी सानामाथि कब्जा जमाएपछि यमन द्वन्द्वको चपेटामा परेको छ । यसबाट अर्को वर्ष सरकारको समर्थनमा साउदी नेतृत्वको सैन्य हस्तक्षेप सुरु भएको थियो । राष्ट्रसङ्घका अनुसार लडाइँमा वा खाद्यान्न अभावजस्ता अप्रत्यक्ष कारणले लाखौँको मृत्यु भएको छ ।

# भारतमा आँधीका कारण १४ जनाको मृत्यु

नयाँदिल्ली, १४ मे (सिन्ह्वा) । भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा सोमबार राति आएको विशाल आँधीबेहरी र वर्षाका कारण कम्तिमा १४ जनाको मृत्यु हुनुका साथै करिब ७५ जना घाइते भएका छन् ।

आँधीबेहरी र वर्षाका कारण ठूलो विज्ञापन बोर्ड खस्दा उक्त घटना घटेको नागरिक एजेन्सीका अधिकारीले फोनमा पुष्टि गरेका छन् । उक्त घटना देशको आर्थिक राजधानी मुम्बईको घाटकोपर क्षेत्रमा भएको हो । सामाजिक सञ्जालमा साभार गरिएका श्रव्यदृश्य सामग्रीहरूमा हावाहुरीबाट बच्न ठूलो विज्ञापन बोर्डको मुनि धेरै कार तथा अन्य सवारी साधनहरूमा मानिसहरू आश्रय लिएरहेका देखाइएको छ ।

इन्धन स्टेसनको छेउमा जडान गरिएको उक्त विज्ञापन बोर्ड तीव्र गतिको हावाहुरीका कारण क्षतिग्रस्त भइ खसेको थियो । पीडितहरू आँधी र वर्षाको बिचमा इन्धन स्टेसनमा शरण लिइरहेको अवस्थामा उक्त दुर्घटना हुँदा ठूलो सङ्ख्यामा मानिसहरूको ज्यान गएको स्रोतले जनाएको छ ।

स्थानीय प्रहरी र अग्नि नियन्त्रक विभागका कर्मचारीहरूले विज्ञापन बोर्डको मुनिबाट मानिसहरूको उद्धार गरी स्थानीय अस्पतालमा लगेका थिए । पछिल्लो रिपोर्टका अनुसार मुम्बई पुलिसले अवैधरूपमा जडान गरिएको विज्ञापन बोर्डको मालिकविरुद्ध आपराधिक मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको छ ।

# चीनमा आधारभूत शिक्षामा क्याम्पस बदमासीलगायत मुख्य मुद्दाविरुद्ध लड्न अभियान सुरु

पेइचिङ, १४ मे (सिन्ह्वा) । चीनले आधारभूत शिक्षामा क्याम्पस बदमासी र अत्यधिक गृहकार्य जस्ता मुख्य मुद्दालाई सम्बोधन गर्न राष्ट्रव्यापी अभियान सुरु गरेको छ ।

शिक्षा मन्त्रालयले मङ्गलबार सार्वजनिक गरेको परिपत्रअनुसार यो अभियान यस वर्षको अन्त्यसम्म चल्ने र मुख्यतया सुरक्षा उल्लङ्घन, दैनिक व्यवस्थापनमा अव्यवस्था र सङ्कायको लापरवाहीलगायतका समस्याको नियमन र सुधारमा केन्द्रित रहने छ ।

परिपत्रमा आधारभूत शिक्षामा १२ नकारात्मक अभ्यासको विस्तृत सूची पनि रहेको बताइएको छ । यसमा विद्यार्थीको निर्धारित १० मिनेटको ब्रेकमा अतिक्रमण र बदमासी व्यवहारलाई बेवास्ता, विद्यार्थी छनोट गर्ने उद्देश्यले विभिन्न परीक्षा आयोजना गर्ने अनिवार्य शिक्षा संस्थाहरू समावेश छन् ।

# मोटरबोटले बढायो पर्यटन

- कमलकुमार बस्नेत

काठमाडौँ। नेपालका नदीमा पहिलोपटक ‘मोटरबोट’ चलेको सायद साढे पाँच दशकअघि हो। सन् १९६८ मा एड्मन्ड हिलारीले हेमिल्टन नामका दुईवटा मोटरबोट कोसी र गण्डकी नदीसम्म ल्याउनुभएको थियो। तत्कालीन समयमा यी बोट यातायात तथा ढुवानी प्रयोजनका लागि ल्याइएको थियो। हिलारीले केही समय नेपालका नदीमा ती मोटरबोट चलाएपछि स्वदेश फर्कनुअघि तत्कालीन भरतपुर गाउँ पञ्चायतलाई उपहार दिनुभएको थियो।

उपहारमा प्राप्त ती बोटलाई भरतपुर गाउँ पञ्चायतले केही समय विदेशी पाइलट राखेर सञ्चालन गऱ्यो पनि। तर पछि मर्मतसम्भारलगायतका समस्याले यी बोट सञ्चालनमा निरन्तरता भएन। केही समयपछि तीनै बोट भाडामा लिएर कोसी नदीमा चलाइयो।

त्यसपछि लामो समयसम्म नेपालका नदीमा मोटरबोट खासै चलेनन्। फाट्टफुट्ट भने ढुवानी वा यातायातका रूपमा सञ्चालन भएका थिए। पछिल्लो एक दशकयता नेपालका यिनै मोटरबोट पर्यटकीय गतिविधि बढाउने माध्यम बनेका छन्। अहिले कैयौँ नदी तथा जलाशयमा मोटरबोट हुँइकिएको देखिन्छ। पूर्वमा कोसीदेखि पश्चिममा सुर्खेतको बुलबुल तालसम्म मोटरबोट सञ्चालन भइरहेको छ। मोटरबोट सञ्चालनमा आएसँगै ती क्षेत्रमा पर्यटकीय गतिविधि बढेको छ।

नेपालमा मोटरबोट पर्यटनको सुरुआत गर्ने श्रेय व्यवसायी राजकुमार श्रेष्ठलाई जान्छ। चितवनको ठिमुरामा लभ्ली रिसोर्ट सञ्चालन गर्नुभएका उहाँले नारायणी नदीमा पहिलोपटक मोटरबोट सञ्चालन गरी पर्यटकलाई आकर्षित गर्नुभएको थियो। उहाँले जापानबाट दुई वटा जेट स्की र एउटा जेट बोट ल्याएर नारायणी नदीमा सेवा सुरु गर्नुभएको थियो। उहाँकै सिको गरेर पछि अन्य कम्पनी पनि थपिए। तर पछि यसले पनि निरन्तरता पाउन सकेन।

सन् २०१६ मा लमजुङका विष्णुबहादुर ढकालले नेपाल सीप एन्ड बोट बिल्डिङ कम्पनी स्थापना गरेपछि भने मोटरबोट पर्यटनले पुनर्जीवनमात्र पाएन देशैभर फैलिएको छ। ढकालले भन्नुभयो, “हाम्रो कम्पनीले नेपालमै मोटरबोट उत्पादनका साथै मर्मतसम्भारका लागि प्राविधिक जनशक्ति तयार पारेपछि मोटरबोट सञ्चालन गर्नेहरू बढे। पछिल्लो समय हामीले जनशक्ति पनि उत्पादन सुरु गरेका छौँ, हाल हाम्रो कम्पनीबाट मोटरबोट उत्पादन गरी सञ्चालन गर्ने कम्पनीहरू बढेका छन्।”

ढकालका अनुसार नेपालमा मोटरबोट पर्यटनको ठुलो सम्भावना छ। नेपालका कैयौँ नदी र जलाशयमा मोटरबोट सञ्चालन गरी पर्यटकीय गतिविधि सञ्चालन गर्न सकिने अवस्था बनेको छ। केही स्थानीय सरकारले त आफूकहाँ भएका नदी र जलाशयमा मोटरबोट सञ्चालनका लागि सहजीकरण गर्दै सो क्षेत्रको पर्यटन गतिविधि बढाएका छन्। भरतपुर महानगरपालिका, वाग्मती नगरपालिका, आबुखैरेनी गाउँपालिका तथा वीरेन्द्रनगर नगरपालिकाले आफ्नै अग्रसरतामा पर्यटनको प्रवर्द्धनमा मोटरबोट सञ्चालन गरेको उहाँको भनाइ छ।

ढकालका शब्दमा कोसी नदीमा यातायात र ढुवानीका हिसाबले मोटरबोट सञ्चालन राम्रो मानिए पनि नारायणी नदी र मर्याङ्दी जलायशमा मोटरबोट सञ्चालन गरी पर्यटक आकर्षित गर्न राम्रो देखिएको छ। उहाँका अनुसार भरतपुर महानगरपालिकाले मोटरबोट सञ्चालनका कारण मनोरञ्जन करबाट मात्रै वार्षिक औसत रु. ५० लाख सङ्कलन गर्दै आएको छ। यसबाट स्थानीय सरकारको राजस्वसमेत बढेको छ।

“सफा पानी, पर्याप्त लम्बाइ भएकाले मर्स्याङ्दी जलविद्युत् आयोजनाको जलाशय मोटरबोट सञ्चालनको लागि राम्रो छ, यस्तोमा मोटरबोट गतिविधि उत्कृष्ट मानिन्छ,” उहाँले भन्नुभयो। त्यसबाहेक नेपालगञ्जको वाटरपार्कमा बोट राइडिङकै कारण भारतीय पर्यटकको सङ्ख्या बढेको छ।

भरत ताल र नारायणी नदीमा पनि मोटरबोटकै कारण पर्यटक बढेका छन्। पछिल्लो समय सुर्खेतको बुलबुले तालमा मोटरबोट सञ्चालनमा आएपछि तालको स्वरूप नै फेरिएको छ। चितवनको देवघाटमा रहेका विभिन्न कुण्ड घुम्न पनि मोटरबोट माध्यम बनेको छ। त्यसबाहेक भरतपुरको शिवघाट, सिन्धुलीको खुर्कोटलगायतमा मोटरबोट चलिरहेको छ। बर्दियाको राजापुरमा बोट चढेर डल्फिन हेर्न पाइन्छ। मोटरबोटका गतिका कारण पानीको छाल निस्कँदा डल्फिन आउने गरेका छन्। यसले सो क्षेत्रको पर्यटकीय गतिविधि बढाएको छ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले बोटेबोरा कम्पनीसँगको सहकार्यमा बुलबुल तालमा मोटरबोट सञ्चालनमा ल्याएपछि तालको स्वरूपमात्रै फेरिएको छैन, आम्दानीको नयाँ स्रोत पनि थपिएको छ। लामो समयदेखि जलकुम्भी र फोहोरले भरिएको तालको अस्तित्व सङ्कटमा परेको अवस्थामा फोहोर सफा गरी बोटेबोरा कम्पनीले मोटरबोट सञ्चालनमा ल्याएको छ। कम्पनीले बुलबुले तालमा मोटरबोट सञ्चालन गरेवापत वीरेन्द्रनगर नगरपालिकालाई वार्षिक रु. १३ लाख बुझाउने सम्झौता गरेको छ।

वीरेन्द्रनगरपालिका नगर विकास समितिका सदस्य तथा बुलबुले ताल संरक्षण उपसमितिका संयोजक नवराज गुरुङले तालबाट फोहोर निकालेपछि पानीको सतह कम भएको र नगरपालिकाको सहकार्यमा केही माथिपट्टि रहेको दशधाराबाट रातिको समयमा पानी ल्याइएको बताउनुभयो। मोटरबोट सञ्चालनपछि बुलबुले तालको स्वरूप फेरिएको उहाँको भनाइ छ।

तालमा कम्पनीले नेपालकै पहिलो र ठुलो मोटरबोट उत्पादक नेपाल सीप एन्ड बोट बिल्डिङ कम्पनीले निर्माण गरेको ११ सिटे दुई वटा फिस्टेल ब्रान्डका मोटरबोटमार्फत सेवा सुरु गरेको छ। साथै, बोटेबोरा कम्पनीले नेपालगञ्ज उपमहानगरपालिकासँगको समन्वयमा वार्षिक रु. २५ लाख बुझाउने गरी वाटरपार्कमा मोटरबोट सञ्चालन गरिरहेको छ।

पछिल्लो समय मोटरबोट सञ्चालनमा आकर्षण देखिनुमा वाग्मती नगरपालिकामा रहेको भरत तालमा मोटरबोट सञ्चालन हुनु पनि हो। सुरुमा माछापालनका लागि बनाइएको पोखरीलाई तालमा परिणत गरिएपछि मोटरबोट सञ्चालन गरिएको थियो। मोटरबोटकै कारण उक्त क्षेत्रको पर्यटकीय गतिविधिमात्रै बढेको छैन, सयौँ जनाले रोजगारी पनि पाएका छन्।

वाग्मती नगरपालिकाका उपप्रमुख लिलाकुमारी मोक्तानका अनुसार भरत तालमा मोटरबोट सञ्चालनका कारण धेरैले रोजगारी पाएका छन् भने यसबाट पालिकाको आम्दानी पनि बढेको छ। “हाल ३० भन्दा मोटरबोट सञ्चालन भइरहेका छन्, ताल आसपासमा विभिन्न होटल, रेष्टुराँ तथा पसल सञ्चालन भइरहेका छन्। सामान्य दिनमा औसतमा दुई हजार र मेलापर्व र बिदाका दिनमा पाँच हजारसम्म पर्यटक आउने गरेका छन्,” उहाँले भन्नुभयो। उहाँका अनुसार मोटरबोट सञ्चालनबाट नगरपालिकाले २० प्रतिशत शुल्क लिने गरेको छ।

त्यसो त स्याङ्जाको मिर्मीदेखि सेतिबेनीसम्मको बाँधमा यातायातका रूपमा स्टिमर भनिने मोटरबोट सञ्चालन लामो समयदेखि भइरहेको छ। नेपाल सीप एन्ड बोट बिल्डिङ कम्पनीका सञ्चालक ढकालले मोटरबोटलाई पर्यटकीय मनोरञ्जनका साथै यातायातको साधनका रूपमा सञ्चालन गर्न सकियो भने निकै ठुलो फाइदा लिन सकिने धारणा राख्नुहुन्छ। “अहिले नदी र जलाशयमा मोटरबोट बढी सञ्चालन भइरहेका छन्। मनोरञ्जनका हिसाबले राम्रो पनि हो तर यसको बढी उपयोग ढुवानी वा यातायातका रूपमा गर्न सकिन्छ,” उहाँले भन्नुभयो। उहाँका अनुसार भारतको कलकत्तादेखि चितवनको दासढुङ्गासम्मको रुटमा १० टनसम्मको जहाज सजिलै ल्याउन सकिन्छ। यसो गर्न सकिएमा भने ढुवानी खर्च निकै कम हुन्छ।

उहाँका अनुसार हिजोका दिनमा नेपालमा जलपर्यटनसम्बन्धी गतिविधिमा ऱ्याफ्टिङमात्रै रहेकामा अहिले मोटरबोट थपिएपछि पर्यटकीय गतिविधि बढेको छ। आगामी दिनमा यसैका आधारमा विभिन्न पर्यटकीय गतिविधि पनि सञ्चालन गर्न सकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “हिजोका दिनमा विदेशमा गएर गरिने ‘वाटर स्पोर्टस्’ का गतिविधिहरू आगामी दिनमा नेपालमै पनि गर्न सकिन्छ। यसका लागि कैयन् सम्भावना छन्।”

जलाशयमा डुङ्गा चलाउँदा सामान्य अनुभव मात्रै प्राप्त हुने र मोटरबोटको प्रयोग तथा अन्य गतिविधि गर्दा वास्तवमै साहसिक जलपर्यटन हुने उहाँको भनाइ छ। “मोटरबोटमार्फत गरिने गतिविधिमा हावा, पानी र गतिको सम्मिश्रण हुन्छ। यसले खेललाई साहसिक बनाउँछ।”

उहाँ हामीकहाँ भएका जलाशयहरू विद्युत् उत्पादनमा मात्रै प्रयोग भइरहेको भन्दै त्यही जलाशयमा मोटरबोट सञ्चालन गरी थप आर्थिक गतिविधि बढाउन सकिने धारणा राख्नुहुन्छ। उहाँले भन्नुभयो, “विदेशमा रु. पाँच हजारमा गर्ने गतिविधि आजका दिनमा एक प्लेट मम:मा हुने खर्चमै हामीले उपलब्ध गराइरहेका छौँ। रन अफ रिभरमा औसतमा रु. दुई सय ५० देखि तीन सय ५० सम्ममा अनुभव लिन सकिन्छ।”

**नेपालमै बन्छ बोट**

नवलपरासीको गैँडाकोटमा रहेको नेपाल सीप एन्ड बोट बिल्डिङ कम्पनीले पछिल्लो एक दशकयता बोट निर्माण गर्दै आएको छ। “हामीले नेपालका नदीहरूको बहाव, पानीको गहिराइ, खोलाको गतिको अध्ययन गरिसकेका छौँ, सोहीअनुसार बोट उत्पादन गर्छौं,” कम्पनीका अध्यक्ष ढकालले भन्नुभयो।

उहाँका अनुसार कम्पनीले जापानको सुजुकी मरिन कम्पनीले उत्पादन गर्ने इन्जिन र प्रविधि प्रयोग तथा मेकानिकल स्टेरिङ प्रणालीका लागि अमेरिकाको मल्टिफेलेसको प्रणाली प्रयोग गरी बोट उत्पादन गर्दै आएको छ। उहाँका अनुसार एउटा बोट उत्पादनका लागि सामान्यतया औसतमा रु. २० लाख पर्छ। त्यसबाहेक ग्राहकको रुचि र आवश्यकताका आधारमा यसको खर्च थपघट हुनसक्छ। ***रासस***

# कसले बुझ्ला यात्रुका पीडा ?

- मधु शाही

काठमाडौँ। पिठ्यूँमा डेढ वर्षकी छोरी मस्त निदाएकी थिइन्। हातमा सानो थैली थियो। बिरामी छोरीलाई उहाँले जतिसक्दो चाँडो अस्पताल पुऱ्याउनु थियो। नयाँ बानेश्वरको चोकमा उभिएर भैरवी कार्कीले पटकपटक गाडीलाई हात तेर्स्याइरहनुभयो तर पिठ्युँमा बच्चा बोकेको देखेपछि उहाँलाई नचढाई गाडी गुडिहाल्थे। शुक्रबार बिहान ९ बजे भैरवी यसरी नै गाडीका लागि प्रतीक्षा गरिरहनुभयो। मान्छे खचाखच भएको गाडीमा सानो बच्चासहित चढ्ने पनि कसरी ? नचढ्यो भने अस्पताल लैजानै पर्नेछ।

भैरवीजस्ता धेरैले सार्वजनिक यातायातमा चढ्न पाउने नैसर्गिक अधिकार सजिलै पाउनुहुन्न। जब बच्चा बोकेर उहाँ हिँड्नुहुन्छ, यही सास्ती खेप्नुपर्छ। उहाँले भन्नुभयो, “अर्को गाडीमा आउनु भन्दै रोक्नै मान्दैनन्। खाली गाडी पाउनै मुस्किल हुन्छ, भरिएकाले बच्चा भएकै कारण मान्छे राख्न कठिन हुने मनसायले चढाउँदैनन्।”

खचाखच भरिएको गाडीमा शारीरिक अशक्त, वृद्धवृद्धा र बालबालिकाले खेप्नुपर्ने सास्ती भनिसाध्य छैन। शङ्खमूल चोकबाट रत्नपार्क आउने माइक्रोबस झनै भरिभराउ हुन्छन्। सुनधारामा व्यापार गर्न पुग्नुपर्ने डिल्ली धमला शङ्खमूलदेखि माइक्रोबस चढ्दा ढाड दुख्ने समस्या आएको बताउनुहुन्छ। सीट क्षमताभन्दा धेरै मान्छे राख्दा उभिएर यात्रा गर्नुपर्ने उहाँको दैनिकी छ। उहाँ भन्नुहुन्छ, “अग्लो ज्यान निहुरिएर अडिनुपर्छ। पैसा तिरेर पनि सुविधाले यात्रा गर्न नपाउँदा नमज्जा लाग्छ नि !”

उहाँ दैनिकजसो सार्वजनिक बस चढ्दा सहचालकसँग झगडा नपरेको दिन हुँदैन। ढोका लगाउनै नमिल्ने गरी यात्रु कोचेर लैजाँदा बोल्नै पऱ्यो। बोल्यो भने गाऱ्हो भए ट्याक्सी चढेर जानु भन्दै सहचालकले थर्काएको केदार कार्की बताउनुहुन्छ। उहाँ यात्रा गर्दाको दुःखेसो सुनाउनुहुन्छ, “कहिले भाडामा किचकिच त, कहिले धेरै मान्छे राखेकामा झगडा गर्नुपर्छ। चढाउँदा जबरजस्ती चढाउने र ओराल्दा पनि जबरजस्ती हतारमै ओराल्ने गर्दा ठुलै सजाय भोग्ने गरेका छौँ।”

रत्नपार्कदेखि कोटेश्वर दैनिक आउजाउ गर्नुपर्ने टोपेन्द्र पनेरुले सार्वजनिक यातायात कठघरा जस्तै लाग्छ। बिहान १० बजे चोकमा घण्टौँ बसेर प्रतीक्षा गरेको बस भरिभराउ हुन्छ। खुट्टो गाडीको ढोकामा टेक्नेबित्तिकै धकेलिँदै गाडीको पुच्छारमा पुगिन्छ। पर जानु पर जानु भन्दै सहचालकले कराएर हैरान पर्छन्। झर्ने बेलामा तुरुन्तै झरिहाल्नुस् भन्दै अर्को यातना दिन थाल्छन्।

टोपेन्द्रले भोगेको यस्तो यात्रु दैनिकी सबै सर्वसाधारणका लागि सामान्य बनेको छ। उहाँ भन्नुहुन्छ, “सार्वजनिक यातायायत चढ्नै गाऱ्हो, चढिहालियो भने पनि झनै गाऱ्हो।” गर्मी मौसममा उकुसमुकस यात्रा गर्दा सहनुपर्ने कष्ट अझै पीडादायी छ। उहाँ भने यसैलाई स्वीकार्नुबाहेक कुनै विकल्प नरहेको बताउनुहुन्छ।

कौशलटारका केदार लुइँटेल शारीरिकरूपले अशक्त हुनुहुन्छ। उहाँको दाहिने खुट्टाको समस्याले वैशाखी चढेर हिँड्नुहुन्छ। त्रिचन्द्र क्याम्पसमा स्नातक तह अध्ययनरत उहाँलाई कलेजसम्म पुग्न सजिलो छैन। हुन त सार्वजनिक यातायातमा अपाङ्गता सीट आरक्षित छ तर व्यवहारमा भने ठीक उल्टो पाएको केदारको अनुभव छ। उहाँका अनुसार कुनै गाडीमा अपाङ्ग सीट लेखिएको हुन्छ तर सपाङ बस्नुभएको हुन्छ। कुनैमा त त्यही पनि लेखिएको हुँदैन। लेखिए पनि अक्षर मेटिएका हुन्छन्। आरक्षित सीटमा बस्ने अधिकार पाउन पनि यात्रुसँग झगडा गर्नुपरेको उहाँले भोगाइ सुनाउनुभयो। उहाँ थप्नुहुन्छ, “भेडाबाखाजस्तै यात्रु कोचेर राख्छन्, त्यहाँ हामीले कसरी सुविधा पाउनु ? कसैले दयाले सीट छोड्नुभयो भने मात्रै हो। नीतिले पाउनु र दयाले पाउनु फरक कुरा हो नि !” साझा यातायात यात्रुमैत्री भए पनि सबै सार्वजनिक यातायातमा यात्रुको सम्मानजनक व्यवहार नभएको उहाँले सुनाउनुभयो।

रामशाह पथ नजिकै रहेको बस बिसौनीमा कास्कीका इन्दिरा चौलागाईं सातवर्षे छोरासँगै बागबजार जाने बस कुर्दै हुनुहुन्थ्यो। बसको पर्खाइमा बस्दाबस्दै छोराले शौचालय जाने भन्न थाले। नजिकै कहीँ पनि शौचालय थिएन। सामान्य डस्बिनसमेत नराखिएको बस बिसौनीमा शौचालयको व्यवस्था हुने कुरै भएन। छोरा शौचालयमै शौच गर्ने भनिरहेका थिए तर इन्दिराले बाध्यताले बस बिसौनीको पछाडि भित्तोतिर फर्काएर छोरालाई पिसाब फेर्न लगाउनुभयो। उहाँले कल्पना गर्दै भन्नुभयो, “यात्रुको सुविधाका लागि बस बिसौनीमै शौचालय भए कति राम्रो हुन्थ्यो होला। सामान्य फोहार फाल्ने डस्बिन पनि छैन, अरू के कुरा गर्नु ?”

**यातायात सुविधा कागजमै सीमित**

यातायात व्यवस्थापन कार्यविधि निर्देशिकाले यात्रुको सुविधा र सम्मानलाई विशेष स्थान दिएको छ। कार्यविधिमा माइक्रोबसको सीट क्षमता चालकसहित १४ जना हुनुपर्छ। मिनिबसको सीट क्षमता चालकसहित १५ देखि २५ जनासम्म हुनुपर्छ। यात्रुको मनोरञ्जनका लागि म्युजिक सिस्टम तथा पत्रपत्रिकाको व्यवस्था हुनुपर्नेछ भनी निर्देशिकामा प्रस्ट उल्लेख छ।

निर्देशिकाअनुसार सडकमा कुनै पनि सवारी साधन पाउन सम्भव छैन। निर्देशिकाले भनेअनुरूप कार्यान्वयन भए/नभएको थाहा पाउने कुनै प्रभावकारी संयन्त्र छैन। अनुगमन र नियमन फितलो छ। सीटमा पर्दासहितको सिसा हुनुपर्ने भनिए पनि सिसासमेत फुटेको अवस्थामा सवारी साधन गुडिरहेका छन्।

काठमाडौँ महानगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ को परिच्छेद ५ को दफा १३ परिचालकको कर्तव्यको उपदफा (१०) अनुसार सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न परिचालकको यात्री, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्ने व्यवस्था छ।

यात्रुसँग निर्धारितभन्दा बढी रकम असुली गर्न नपाइने, टिकट दिन इन्कार नगर्ने, रकम फिर्ता गर्न आलटाल नगर्ने, यात्रीसँग अशिष्ट भाषामा कुरा नगर्ने, निर्धारित पोसाक नलगाई सार्वजनिक यातायातको साधनमा परिचालकको काम नगर्ने, सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन नगर्ने, यौनजन्य दुर्व्यवहार नगर्ने, कानुनले निषेध गरेका अन्य कार्य नगर्नेलगायत नियम निर्धारण गरिएको छ। नियमविपरीत कार्य गर्ने परिचालकलाई पहिलो पटकका लागि रु. एक हजार र दोस्रो पटकदेखि दुई हजार जरिवाना लाग्ने व्यवस्था छ।

ऐन बनाउने निकाय नै अनुगमनको पक्षमा बेखबर छ। एकातिर यात्रुले आफूलाई परेको असुविधा र अन्यायविरुद्ध सम्बन्धित निकायमा उजुरी गर्ने संस्कृति छैन। काठमाडौँ महानगरपालिकाभित्र चल्ने सवारी साधनमा नियमन छैन। सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको विभिन्न दायित्वअन्तर्गत यात्रुहरूको सुझाव तथा गुनासो दिन मिल्ने व्यवस्था मिलाउने भनिएको छ।

ऐनमा यात्रुको सुरक्षाका लागि सीसी टीभी जडान गर्ने, यात्रु वर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवासम्बन्धी जानकारी दिन टोल फ्री-नम्बर, नोटिस बोर्ड सेवा, इमेल, वाइफाइ, सामाजिक सञ्जाललगायत प्रविधि जडान गर्ने उल्लेख छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सीटौलाले ऐनमा उल्लेख भएको सुविधाअनुसार कुनै पनि व्यवस्था व्यवहारमा लागु नभएको बताउनुभयो। आफ्ना यात्रुलाई सवारीमा कस्तो सुविधा दिने र सम्मान दिने भन्ने संस्कार सवारीचालक र मालिकको हुने गर्छ। ऐनमा तोकिएअनुसार प्रविधिमैत्री सवारी साधन बनाउने, सफा र सुविधा अनिवार्य हुनुपर्ने उहाँले सुनाउनुभयो। उहाँले काठमाडौँ उपत्यकामा बस बिसौनी भनेका छन् तर शौचालय र फोहोर व्यवस्थापन गर्ने डस्बिन नहुँदा सहर फोहोर भएको सुनाउनुभयो।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरका अनुसार उपत्यकाभित्र ४३ वटा मात्रै सार्वजनिक शौचालय छ। ती कुनै पनि बस बिसौनी लक्षित छैनन्, न त घुम्ती शौचालय नै परिचालित छन्। यात्रु लक्षित सुविधापूर्ण यात्रा व्यवस्थापन गर्नको लागि महानगरपालिकाले ऐन बनायो। त्यसको अनुगमन पक्ष भने फितलो छ। महानगरपालिकाका प्रवक्ता मानन्धरले व्यवस्थापनबारे खासै चासो नदिइएको स्वीकार गर्नुभयो।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता जीवनकुमार श्रेष्ठको भने निर्देशिका जसले बनाएको हो उसैले कार्यान्वयनमा ल्याउन पहल गर्नुपर्ने प्रस्ट धारणा छ। उहाँले भन्नुभयो, “काठमाडौँ महानगरपालिकाले यातायात निर्देशिका बनाएको हो भने त्यसको कार्यान्वयन कस्तो छ भनेर यसैले अनुगमन गर्नुपर्छ। ट्राफिक कार्यालयको निश्चित जिम्मेवारी छ, सबै हेर्न सम्भव छैन।” उहाँले ट्राफिकको दायित्व सडक अनुशासनको पालना, सवारी इन्जिन र यात्रुको सङ्ख्या जाँच, यातायातसम्बन्धी शिक्षा एवं जनचेतना दिने कार्य गर्ने बताउनुभयो।

ट्राफिक प्रहरी कार्यालयमा दैनिक तीन हजार पाँच सयभन्दा बढी ट्राफिक नियम उल्लङ्घन गरी कारबाहीमा परेका सवारी चालकको तथ्याङ्क छ। आरक्षण सीट पूर्णरूपमा लागु नभएको, आवश्यकताभन्दा बढी यात्रु राखेर असुरक्षित सवारी चलाउने सार्वजनिक यातायातको तथ्याङ्क अधिक रहेको प्रहरी कार्यालयका प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “सवारी व्यवस्थापन गर्न यात्रुदेखि सबै निकायको अहम् भूमिका हुन्छ। ट्राफिकमात्रै एक्लो दोषी हुन सक्दैन।” ***रासस***

# सर्वोच्च अदालतमा अनलाइनबाटै मुद्दा दर्ता गर्न सकिने

काठमाडौँ, १ जेठ । सर्वोच्च अदालतमा आजदेखि अनलाइनमार्फत मुद्दा दर्ता र पेसीको सूचना स्वचालितरूपमा पठाउने प्रणालीको शुभारम्भ भएको छ । प्रधानन्यायाधीश विश्वभरप्रसाद श्रेष्ठले मङ्गलबार उक्त सेवाको शुभारम्भ गर्दै अनलाइनबाट मुद्दा दर्ता गर्न पाउँदा दूरदराजका मानिसलाई सहज, सरल र सुविधा हुने विश्वास व्यक्त गर्नुभयो ।

सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले तयार गरेको अनलाइनबाट मुद्दा दर्ता प्रणालीको बिस्तारै उच्च र जिल्ला अदालतमा पनि लागु गर्ने तयारी रहेको उल्लेख गर्दै प्रधानन्यायाधीश श्रेष्ठले यो उपलब्धिलाई सफल पार्नका लागि सबैले सहयोग गर्न आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "सूचना प्रविधिले हामीलाई पारदर्शी बनाउँछ, सर्वसाधारण र दुरदराजका मानिसलाई न्यायमा पहुँचमा पुऱ्याउन यो प्रविधिको प्रयोग गरिएको हो । अनलाइनमा अब सबै रिट तथा मुद्दा दर्ता हुनेछ, यसलाई सफल पार्नुपर्छ ।"

उक्त प्रणालीको प्रयोगबाट मुद्दा दर्ता गर्न भौतिकरूपमा अदालतमा उपस्थित हुननपर्ने, अदालतभन्दा टाढा रहेरसमेत फर्महरूमार्फत अदालतमा मुद्दा दर्ता गर्न सकिने, मुद्दा दर्ता गर्न अदालतमा उपस्थित हुँदा लाग्ने समय तथा लागत न्यूनीकरण हुने अपेक्षा गरिएको छ ।

साथै, प्रणाली प्रयोग गरी मुद्दा दर्ता गर्दा प्रणाली प्रयोग गरेवापत कुनै शुल्क भुक्तानी गर्न नपर्ने, मुद्दा दर्तालगायतका काम क्रमशः कागजविहीन हुँदै जाने, डिजिटल मिसिल निर्माण भई अभिलेख व्यवस्थापनमा सहजता आउने अपेक्षा अदालतले गरेको छ ।

उक्त प्रणाली लागु भएपछि अदालतमा भिडभाड कम हुने, अदालतमा सेवाग्राहीको भौतिक उपस्थिति न्यूनीकरण हुने अपेक्षा अदालतले गरेको छ । पेसीको सूचना स्वचालित रूपमा पठाउने प्रणाली कागजीरूपमा पेसीको सूचना पठाउँदा लाग्ने समय र जनशक्ति कटौती गर्न सहयोग पुग्ने, मितव्ययी रूपमा सेवा सञ्चालन गर्न सम्भव हुने अदालतले अपेक्षा गरेको छ ।

त्यस्तै, पेसीको सूचना पठाएको, पाएकोलगायतका विवरण प्रणालीमै रहने तथा जुनसुकै बेला प्रणालीबाटै हेर्न सकिने अवस्था हुँदा पेसी व्यवस्थापनमा सहजता आउने, इजलासको समय बचत हुने र अभिलेख व्यवस्थापन सहज हुने समेत विश्वास गरिएको छ । ***रासस***

# कोमपा केन्द्रीय समितिका पूर्वसचिव किम कि नामको निधन




प्योङयाङ । कोरियाली मजदुर पार्टीको केन्द्रीय समितिका पूर्वसचिव किम कि नामको ९४ वर्षको उमेरमा मे ७ जुचे ११३ (२०२४) राति १० बजे उपचारको क्रममा निधन भयो । अप्रिल २०२२ देखि शारीरिक जीर्णता र विभिन्न अङ्गले कार्य नगर्ने समस्यापछि अस्पतालमा उपचार भइरहेको थियो ।

कोरियाली मजदुर पार्टीको केन्द्रीय समिति, प्रजातान्त्रिक गणतन्त्र कोरियाको राज्य मामिला आयोग, सर्वोच्च जनसभाको स्थायी समिति र मन्त्रिपरिषद्को संयुक्त नाममा मे ७ का दिन उहाँको निधनको शोक घोषणा गरिएको थियो । किम कि नाम कोरियाली मजदुर पार्टी (कोमपा) र प्रजग कोरियाको क्रान्तिका एक दिग्गज र एक प्रमुख राजनीतिक कार्यकर्ता हुनुहुन्थ्यो उहाँले हाम्रो क्रान्तिको वैचारिक शुद्धताको रक्षा र सुदृढीकरण र राजनीतिकरूपमा समाजवादी उद्देश्यको स्थिर विजयको सुनिश्चितताको लागि आफ्नो सबै शुद्ध सङ्घर्षमा समर्पित गरेको उल्लेख गरिएको छ ।

सन् १९२० को दशकको उत्तरार्द्धमा साना व्यवसायीको परिवारमा जन्मनुभएका उहाँले आफ्नो बाल्यकाल कठिनाइमा बिताउनुभयो । कोरियाको मुक्तिपछि उहाँलाई राष्ट्रपति किम इल सङको गहिरो विश्वासमा नयाँ कोरियाको अतिरिक्त मेरुदण्डको रूपमा प्रशिक्षण दिइएको थियो र प्रजातान्त्रिक निर्माणको अवधिदेखि युद्धको दिनसम्म विदेशमा अध्ययनमा व्यस्त हुनुहुन्थ्यो । देशलाई साम्राज्यवादी र पिछलग्गू सेनाको आक्रमणबाट जोगाउन भयङ्कर युद्ध चलिरहेको बेला उहाँ किम इल सङ विश्वविद्यालयमा शैक्षिक कार्यमा संलग्न हुनुहुन्थ्यो ।

उहाँले राष्ट्रपति किम इल सङको निर्देशनअनुसार युद्धको भग्नावशेषमा शक्तिशाली समाजवादी देश निर्माण गर्ने पवित्र कार्यमा योगदान पुऱ्याउने सक्षम प्रतिभाहरूलाई तालिम दिन आफूलाई समर्पित गर्नुभयो । उहाँले राष्ट्रपतिको ठुलो राजनीतिक विश्वासको लागि मे १७५६ देखि कोमपाको केन्द्रीय समितिमा रहेर काम गर्नुभएको थियो ।

पार्टीको वैचारिक र सैद्धान्तिक आधारलाई सुदृढ गर्न र जुछे क्रान्तिलाई विजयी बनाउन ६० वर्षभन्दा बढी समयसम्म उहाँले आफ्नो सबै समय र प्रयास समर्पण गर्नुभयो । सन् १९६० को दशकमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन अगाडि उभिएका सबै प्रतिक्रान्तिकारी प्रवृत्तिका चालबाट सिङ्गो पार्टीमा एकल वैचारिक व्यवस्था स्थापना गर्ने र पार्टीको केन्द्रीय समितिलाई राजनीतिक र वैचारिकरूपमा रक्षा गर्ने कार्य अत्यावश्यक बनेको थियो । उहाँले उच्च स्तरको राजनीतिक अन्तरदृष्टि, सैद्धान्तिक स्तर र परिपक्व लेखनका साथ पार्टीको उद्देश्यमा योगदान पुऱ्याउनुभएको थियो ।

१९७० को दशकमा उहाँले राजनीतिक र सैद्धान्तिक पत्रिका कुलोजा र कोमपा केन्द्रीय समितिका अङ्गहरू रोडोङ सिनमुन पत्रिकाको सम्पादन र प्रकाशनको प्रभारी प्रमुख अधिकारीको रूपमा काम गर्दै पार्टीको वैचारिक निर्माण र नेतृत्व क्षमताको सुदृढीकरणमा सकारात्मक योगदान पुऱ्याउनुभएको थियो । कोमपाको नेतृत्वको उत्तराधिकारको अवधिमा लगातार पार्टीको सूचना र प्रचार क्षेत्रको महत्त्वपूर्ण पदमा रहँदा उहाँले नेता, पार्टी सिद्धान्त र उच्च राजनीतिक र सैद्धान्तिक योग्यताप्रति आफ्नो पारदर्शी दृष्टिकोण प्रदर्शन गर्नुभएको थियो । उहाँले अध्यक्ष किम जोङ इलको नेतृत्वमा विचार र नेतृत्वप्रति बफादार रहँदै कोमपाको प्रतिष्ठा र लडाकु शक्तिलाई हरेक तवरले मजबुत पर्ने विशिष्ट उपलब्धिहरू पनि हासिल गर्नुभयो ।

उहाँले आदरणीय किम जोङ उनको एकल नेतृत्व प्रणालीलाई पूर्णरूपमा स्थापित गर्न र जुछेको क्रान्तिकारी उद्देश्यलाई अगाडि बढाउन ऐतिहासिक घुम्तीको महत्त्वपूर्ण अवधिमा कोरियाली शैलीको समाजवादको राजनीतिक र वैचारिक शक्तिलाई निरन्तर वृद्धि गर्न विशिष्ट भूमिका खेल्नुभएको थियो । पार्टीको वैचारिक कार्यका सबै क्षेत्रमा सदैव इमानदार मनोवृत्ति र उच्च उत्तरदायित्वको भावनाका साथ क्रान्ति र जनताप्रतिको उच्च जिम्मेवारीका साथ नयाँ युगमा शक्तिशाली, अग्रगामी र ताजा विकासलाई निरन्तरता दिँदै शक्तिशाली समाजवादी देश निर्माणको विजयी यात्रालाई समर्थन गर्न उहाँले आफूलाई समर्पित गर्नुभयो ।

"किम कि नामलाई श्रम नायक, पार्टी, क्रान्ति, देश र जनताका लागि गरेका उपलब्धिहरूका लागि अर्डर अफ किम इल सङ र अर्डर अफ किम जोङ इल, प्रजग कोरियाको सर्वोच्च अर्डर, किम इल सङ र किम जोङ इलको अगस्ट नाम भएको घडी र उच्चपदस्थ पार्टी र राज्यको प्रशंसासहित सम्मानित गरिएको थियो । उहाँको निधन भए पनि पार्टी, क्रान्ति, देश र जनताका लागि किमिल्सुङ्गिज्म-किम्जोङ्गिलिज्मको महान् उद्देश्य पूरा गर्ने ऐतिहासिक सिलसिलामा उहाँले पुऱ्याउनुभएको योगदान सदैव अविस्मरणीय रहनेछ", श्रद्धाञ्जलीमा भनिएको छ ।

त्यस दिन कोरियाली मजदुर पार्टीको केन्द्रीय समिति, प्रजग कोरियाको राज्य मामिला आयोग, प्रजग कोरियाको सर्वोच्च जनसभाको स्थायी समिति र प्रजग कोरियाको मन्त्रिपरिषद्ले दिवङ्गत किम कि नामलाई राजकीय सम्मान प्रदान गर्ने घोषणा गरेको थियो । आदरणीय किम जोङ उन, किम टोक हुन र अन्य ९९ जना सदस्य रहेको राज्यको अन्त्येष्टि समिति गठन गरिएको थियो ।

कोरियाली मजदुर पार्टीका महासचिव र प्रजग कोरियाको राज्य मामिलाका अध्यक्ष किम जोङ उन आदेशको विजेता कोमपाको केन्द्रीय समितिका पूर्वसचिव किम कि नामको शव सम्मान समारोहमा जानुभयो । किम इल सङ र किम जोङ इल र श्रम नायकको पदक प्राप्त किमको निधनमा गहिरो समवेदना व्यक्त गर्नुभयो । उहाँको साथमा राजनीतिक ब्युरोको अध्यक्ष मण्डलका सदस्यहरू र कोमपा केन्द्रीय समितिका सचिवहरूको उपस्थिति थियो ।

दिवङ्गत किम कि नामको पार्थिव शरीरलाई राजधानी प्योङयाङमा अन्त्येष्टि गरिएको छ ।

***कम्युनिस्ट....***

सरकारले सामान्यभन्दा सामान्य काम गर्नसमेत नसकेकै कारण गाउँगाउँका घरहरू खाली हुन थालेको र मानिसहरू लाखापाखा लाग्न थालेकोमा चिन्ता व्यक्त गर्दै उहाँले जनजीविकासँग सम्बन्धित समस्या समाधानमा यथोचित ध्यान पुऱ्याउन, कृषि उत्पादन वृद्धिका लागि आवश्यक तयारी गर्न, कुटीर उद्योगमा जोड दिन, शिक्षा–स्वास्थ्यलाई प्राथमिकता दिँदै देशको सन्तुलित विकासमा केन्द्रित रहनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "पद र अवसरभन्दा पनि जनताका गाँस–बास–कपास, शिक्षा तथा स्वास्थ्य र रोजगारीका समस्यामा ध्यान केन्द्रित गरौँ !"

बजेट अधिवेशनको पहिलो बैठकमै नेपाली काङ्ग्रेस र राप्रपाले आफ्ना मागहरू पूरा नभए संसद् अवरुद्ध गर्ने बारम्बार चेतावनी दिए । जेठ १ गते मङ्गलबार वाग्मती प्रदेश सरकारको बजेटका सिद्धान्त तथा प्राथमिकता आर्थिक मामिला मन्त्री जगन्नाथ थपलियाले प्रस्तुत गर्नुभयो ।

***सरकारी....***

राजस्वको ६० प्रतिशत विकास निर्माणमा लगाउने र ४० प्रतिशत कर्मचारीको पारिश्रमिकमा खर्च हुने कानुनी व्यवस्था जरुरी छ । नीति तथा कार्यक्रममा भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धता दोहोऱ्याइएको छ । तर, नेपालको सञ्चारमाध्यममा हरेक दिन भ्रष्टाचारका समाचार प्रकाशित भइरहेको छ । सम्पत्ति सुद्धीकरणको नाममा स्रोत नखुलेको सम्पत्तिमा राजस्व तिराएर वैध बनाउन दिनु सरकारले चोरसँग भागबन्डा लिनुजस्तै हो । नेपालीको सम्पत्तिको सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्थाले मात्र सम्पत्ति सुद्धीकरण गर्न मद्दत पुग्नेछ । युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्ध र प्यालेस्टिनमा इजरायलको जातीय नरसंहार र भूमि कब्जाको विरोध गरी नेपाल सरकारले पञ्चशीलको सिद्धान्त र असंलग्नता कायम गर्न सक्दैन । विदेशी लगानीले देश उपनिवेश हुनेबारे पनि नीति कार्यक्रम सचेत भएको छैन ।

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४, भक्तपुर, फोन नं. ६६११३६४

**सहकारी शिक्षा शिविर हुने सम्बन्धी सूचना**

यस संस्थाको शिक्षा उपसमितिको आयोजनामा संस्थामा आबद्ध सदस्यहरूलाई सहकारी शिक्षा दिने उद्देश्यले निम्न मिति, समय र स्थानमा हुन गइरहेको शिक्षा शिविर कार्यक्रममा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**
मिति : २०८१ जेठ ५ गते, शनिबार
समय : बिहान ७:३० बजेदेखि ।
स्थान : संस्थाको तालिम हल ।

**ऋणको सावाँ ब्याज तिर्न आउने अत्यन्त जरुरी सूचना**

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.बाट विभिन्न शीर्षकहरूमा ऋण सुविधा उपभोग गरिरहनु भएका ऋणी सदस्यहरूको ऋणको किस्ता ब्याज नियमित नभएको, ऋणको समयावधि समाप्त भइसकेका ऋणी तथा धनजमानीहरूलाई पटक पटक लिखित तथा मौखिक तार-ताकेता गर्दासमेत बेवास्ता गरी संस्थामा आफूले बुझाउनुपर्ने किस्ता, सावाँ, ब्याज नबुझाएको देखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः आफूले बुझाउनुपर्ने किस्ता, सावाँ/ब्याज/हर्जना यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थामा बुझाउनु हुन अनुरोध गरिन्छ ।

यो सूचनाको बेवास्ता गरी संस्थामा बुझाउनुपर्ने ऋणको किस्ता, सावाँ, ब्याज, हर्जना रकम नबुझाएको खण्डमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको ऋण व्यवस्थापन नीतिबमोजिम संस्थाको सूचनापाटी, सामाजिक सञ्जाल तथा राष्ट्रिय दैनिक पत्रिकामा ऋणीको फोटो र तीनपुस्ते विवरणसहितको नाम प्रकाशित गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ । उक्त प्रकाशित सूचनाबाट ऋणी र ऋणीको परिवारको व्यक्तिगत प्रतिष्ठामा आँच वा ठेस पुग्न गएमा संस्था जवाफदेही हुनेछैन ।

**हार्दिक समवेदना**



भक्तपुर जिल्ला भ.न.पा. वडा नं.३ तेखाचो टोल बस्ने यस संस्थाका सदस्यता नं. **६००३** का सदस्य **लक्ष्मी वैद्य**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०१९/04/05
निधन : २०८१/01/14

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

**हार्दिक समवेदना**



यस विद्यालयका पूर्व शिक्षक **पूर्णेश्वरी सैजू**को असामयिक निधनको छैटौं दिनको दुःखद घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भन्ने कामना गर्दै मृतक आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

जन्म : २०११ पुस ८
निधन : २०८१ वैशाख २८

**विद्यालय व्यवस्थापन समिति, परिवार**
**श्री ज्ञान विजय आधारभूत विद्यालय, परिवार**

**हार्दिक समवेदना**



यस संस्थाका सदस्य नं. २६२ का **बुद्धलक्ष्मी वैद्य**को असामयिक दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जन्म : २०१९/04/05
निधन : २०८१।01।14

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
इटाछेँ-२, भक्तपुर, फोन नं. ६६१९०६८

**हार्दिक समवेदना**



यस संस्थाका सदस्य नं. १६२ का **हरिराम** बोयजुको असामयिक दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जन्म : २०२९/10/05
निधन : २०८१।01।24

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
इटाछेँ-२, भक्तपुर, फोन नं. ६६१९०६८

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा